# नेपाल कानुन आयोग

## १.आयोगको परिचयः

१.१ न्यायपूर्ण, समृद्ध, आधुनिक र सभ्य समाजको स्थापना गर्नु राज्यको प्रमुख दायित्य हो । बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन व्यवस्था, नागरिक सर्वोच्चता, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, स्वतन्त्र र जवाफदेही न्यायपालिका तथा कानुनी शासनका मूल्य र मान्यता अनुरूप राज्य संचालन र व्यवस्थापन गरिनुपर्ने नेपालको अन्तरिम संविधान, २०६३ ले निर्देशन गरेको शासकीय आधार स्तम्भ तथा  मार्गदर्शन हो । कानुन उचित, तर्कपूर्ण, न्यायशील, विवेकयुक्त, सरल एवं स्पष्ट भएमा मात्र त्यस्तो कानुन प्रति जनताको आस्था एवं विश्वास बढ्न गई त्यसवाट राज्यको उद्देश्य पूरा हुन्छ । कानुन सदैव गतिशील एवं समयसापेक्ष हुनुपर्छ । नयाँ कानुनको तर्जुमा, भइरहेका कानुनमा समयसापेक्ष सुधार एवं संशोधनको लागि राज्यले निश्चित संयन्त्र तयार गर्नु पर्ने आवश्यकता महशुस गरी कानुन आयोगको स्थापना गरिएको छ।

१.२ कानुनको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने, कानुनको मसौदा तयार गर्ने, उपयुक्त कानुनी पद्धतिको विकासका लागि सरकार र सरकारी निकायलाई सुझाव सिफारिश गर्ने, कानुन तर्जुमा सम्बन्धी विविध विषयहरूमा सरकारलाई आवश्यक परामर्श दिने, विधायिकाद्वारा निर्मित कानुन र अदालतबाट कानुन व्याख्याको सन्दर्भमा भएका फैसलाहरूको टिप्पणी प्रकाशन गर्ने जस्ता कार्यहरूका लागि विभिन्न मुलुकहरूमा कानुन आयोग (Law Commission) को स्थापना भएको पाइन्छ । मुलुकको आवश्यकता अनुरूप कानुन तर्जुमा गर्ने, कानुन तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने र प्रचलित कानुनमा समयसापेक्ष संशोधन तथा संहिताकरण गर्ने दायित्व यस आयोगलाई सुम्पिएको छ।

बेलायतमा कानुन आयोगले न्यायिक निर्णय एवं प्रचलित कानुनमा अनुसन्धान गरी प्रतिवेदनहरू प्रकाशन गर्ने, कानुनका मसौदाहरू तयार गर्ने जस्ता कार्यहरू गरी आफ्नो प्रतिवेदन वार्षिक रूपमा सार्वजनिक गर्ने गर्दछ । भारतमा सन् १९५५ देखि नै कानुन आयोग स्थायी निकायको रूपमा स्थापना भई सो आयोगले कानुन र न्यायिक क्षेत्रमा महत्वपूर्ण प्रतिवेदनहरूको प्रकाशन समेत गर्दै आएको देखिन्छ। अष्ट्रेलियामा ऐनद्वारा कानुन आयोगको गठन भई सर्वसाधारण जनतामा कानुनको ज्ञान दिलाउने गरी प्रकाशनको आवश्यक कार्य समेत कानुन आयोगबाट हुने गरेको देखिन्छ।

विश्वको विभिन्न मुलुकमा कानुन आयोगले मुख्यतः सरकारलाई कानुन निर्माणको प्रक्रियामा महत्वपूर्ण सहयोग पुऱ्याउने कार्यहरू गरेको तथ्य अध्ययनबाट देखिन्छ। कानुनको क्षेत्रमा विविध

प्रकृतिको अध्ययन तथा अनुसन्धान गर्ने, कानुनका विविध विषयहरूमा सरकारलाई उपयुक्त र आवश्यक परामर्श दिने, कानुनको संहिताकरण तथा तर्जुमा गर्ने जस्ता कार्यका सन्दर्भमा प्राय: सबै मुलुकका कानुन आयोगहरू (Law Commission) मा एकरूपता रहेको पाइन्छ ।

१.३ नेपालमा कानुन आयोगको ऐतिहासिक यात्रा सर्वप्रथम सम्बत् २०१० सालदेखि शुरू भएको देखिन्छ । नयाँ कानुनको तर्जुमा गर्ने, मौजुदा कानुनमा संशोधन गर्न तथा कानुनको वैज्ञानिक ढंगले संहिताकरण गर्ने सम्बन्धमा सरकारसमक्ष सुझावहरू पेश गर्नका लागि २०१० सालमा "ल कमिशन"को नाउँमा स्थापना तथा गठन भई कार्यारम्भ भएको हो । कानुन आयोग विभिन्न समयमा गठन, विघटन र पुनर्गगठन हुँदै आए पनि यसले आफ्नो अस्तित्व कायम राख्दै लामो समयदेखि निरन्तरता भने पाउँदै आएको छ ।

मिति २०१७/६/२७ मा दोस्रोपटक गठन भएको (मिति २०१७/७/१५ मा नेपाल राजपत्रमा प्रकाशित) ल कमिशनलाई अनुसन्धानमूलक, परामर्शदायी र कानुन मसौदा गर्ने महत्वपूर्ण अंगको रूपमा स्थापना गर्न खोजेको देखिन्छ । मिति २०२०/१०/८ को निर्णयबाट (२०२०/१२/१० मा नेपाल राजपत्रमा प्रकाशित) तेस्रोपटक गठन तथा स्थापना भएको कानुन आयोगको पटक पटक म्याद थप हुँदै २०२७ सालसम्म कानुन आयोगले कानुनका क्षेत्रमा अध्ययन, अनुसन्धान, कानुन तर्जुमा, संशोधन, संहिताकरण आदिको काम गरेको देखिन्छ । चौथो पटक मिति २०२९/२/१९ मा गठन भएको कानुन आयोग मिति २०३३/११/२३ सम्म कार्यरत रहेको देखिन्छ भने नेपाल कानुन सुधार आयोगको नामबाट मिति २०३६/८/२६ मा पाँचौ पटक गठन भई मिति २०४१/८/२० सम्म कार्यरत रहेको देखिन्छ ।

यसरी कानुन आयोगले पटक पटक गठन विघटन र पुनर्गठनको आरोह अवरोह पार गर्दै आधा शताब्दीभन्दा बढी अवधिको अनुभव र इतिहास बोकेको छ । कानुन आयोगको कार्यक्षेत्रमा व्यापकता ल्याई यसका गतिविधि र कार्यसम्पादनमा प्रभावकारिता ल्याउन मिति २०४१/८/२१ को निर्णयानुसार नेपाल कानुन सुधार आयोगलाई एक स्थायी आयोगको रूपमा गठन गरी यसको काम, कर्तव्य एवं कार्यविधि निर्धारण गरियो । सो अनुरूप आयोगले स्थायित्व प्राप्तिसँगै आफ्नो भूमिकालाई सक्रिय बनाउँदै विभिन्न कानुनको तर्जुमा गर्दै आएको छ ।

२०५७ साल वैशाख १८ गतेदेखि नेतृत्व विहिनताको स्थितिमा रहेको आयोग २०५९ साल फागुन १६ मा पुनर्गठन भएपनि आयोगका तत्कालीन अध्यक्षले मिति २०६२/३/३१ मा आफ्नो पदबाट राजीनामा दिए पछि आयोगले उपाध्यक्ष, सदस्य एवं पदेन सदस्यहरूबाटनै आफ्नो कार्य सम्पादन गर्दै आएको थियो । मन्त्रिपरिषद्को मिति २०६३/१/२४ को निर्णय पश्चात मिति २०६३/१/२७ देखि आयोगका तत्कालीन उपाध्यक्ष एवं सदस्यले आ-आफ्नो पदबाट अवकाश प्राप्त गर्नु भयो ।

आयोगमा रिक्त रहेको अध्यक्ष पदमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६३/४/१५ को निर्णयानुसार अधिवक्ता श्री बाबुराजा जोशी र उपाध्यक्ष पदमा नेपाल सरकार, मन्त्रिपरिषद्को २०६३/५/२६ को निर्णयानुसार यस आयोगका तत्कालीन सचिव श्री हरि प्रसाद न्यौपाने, सचिव पदमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६३/६/२ को निर्णयानुसार श्री मोहन बन्जाडे र नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६६/१/३ को निर्णयानुसार सदस्य पदमा श्री लिला उदासी खनाल, श्री देवनारायण यादव र श्री शान्तिकुमारी राई नियुक्त हुनु भएपछि आयोगले पूर्णता प्राप्त गरेकोछ ।

१.४ नेपाल कानुन आयोग ऐन, २०६३ मिति २०६३/९/३० देखि लागू भए पछि ऐनद्वारा स्थापित यस आयोगको गठन र यसका काम, कर्तव्य र अधिकार समेत ऐनबाट निर्धारित भएका छन् । नेपाल सरकारबाट नियुक्त हुने आयोगका अध्यक्ष, उपाध्यक्ष र सदस्यको योग्यता र पदावधि तथा नियुक्त गर्दा वा पदबाट हटाउँदा अपनाउनुपर्ने कार्यविधि र आयोगको काम, कर्तव्य र अधिकार समेत ऐनमा नै व्यवस्था भएबाट आयोग आफ्नो काम कारबाही सञ्चालन गर्नको लागि स्वतन्त्र बनेको छ । नेपाल कानुन आयोग ऐन, २०६३ ले आयोगको गठनविधि र सो आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छ ।

**(क) आयोगको गठन :**

कानुनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानुनको संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानुन र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले स्थापना गरिएको नेपाल कानुन आयोगको गठन देहाय बमोजिम रहेको छ :-

| | | |
|---|---|---|
| १ | नेपाल सरकारबाट नियुक्त | – अध्यक्ष |
| २. | नेपाल सरकारबाट नियुक्त | – उपाध्यक्ष |
| ३. | नेपाल सरकारबाट मनोनीत कम्तिमा एक जना महिला समेत बढीमा तीन जना | – सदस्य |
| ४. | सचिव, कानुन तथा न्याय मन्त्रालय | - सदस्य |
| ५. | नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | – सदस्य |
| ६. | सचिव (कानुन), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – सदस्य |
| ७. | सचिव, नेपाल कानुन आयोग | –सदस्य–सचिव |

ऐनको उपरोक्त व्यवस्था बमोजिम हाल यस आयोगका पदाधिकारीहरूको नामवली अनुसूची-४ राखिएको छ ।

## (ख) आयोगको काम, कर्तव्य र अधिकार :

नेपाल कानुन आयोग ऐन, २०६३ अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छ: –

(क) नयाँ कानुन बनाउने वा विद्यमान कानुनमा संशोधन गर्ने सम्बन्धमा वा कानुन तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ख) कानुनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) प्रचलित कानुनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानुन निर्माण गर्ने र आवश्यकतानुसार प्रचलित कानुनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने,

(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरूद्धका तथा कार्यान्वयन हुन नसकेका कानुनको बारेमा अध्ययन गरी त्यस्तो कानुन खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(च) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकतानुसार प्रचलित कानुनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,

(छ) कानुनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकतानुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानुनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानुन निर्माण प्रक्रियामा आवश्यकतानुसार जनधारणा र राय सुझाव संकलन गर्ने,

(ञ) कानुनको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकतानुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानुन आयोग तथा कानुन तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानुन भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानुन तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेश गर्ने,

(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानुन तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने ।

## २. व्यवस्थापन पक्षः

आयोगलाई कानुन तर्जुमा गर्ने, कानुनका क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने, कानुन तर्जुमा सम्बन्धी विविध पक्षमा सरकारलाई परामर्श दिने लगायतका काम, कर्तव्य र अधिकारको सन्दर्भमा आयोगको जिम्मेवारी महत्वपूर्ण मात्र नभई चुनौतीपूर्ण पनि रहेको छ । यस्तो महत्वपूर्ण र चुनौतीयुक्त कार्य सम्पादन र दायित्व वहन गर्न तोकिएको आयोगको व्यवस्थापन पक्षलाई पनि सोही अनुरूप व्यवस्थित गर्न आवश्यक छ । आयोग उपलब्ध भएसम्मको स्रोत र साधनलाई अधिकतम उपयोग गरी प्रभावकारी व्यवस्थापनको माध्यमबाट बढी भन्दा बढी उपलब्धी हासिल गर्न सदैव प्रतिवद्ध रहेकोछ । आयोगको जिम्मेवारी कार्यबोझका अनुपातमा जनशक्ति र बजेट तथा भौतिक स्रोत र साधन पर्याप्त नभएपनि व्यवस्थापनको माध्यमबाट नै आयोगले आफ्नो कार्यसम्पादन सफलतापूर्वक गर्दै आएको छ । यद्यपी पर्याप्त स्रोत, साधन र जनशक्ति भएमा आयोगले आफ्नो भूमिका अझ प्रभावकारी रूपमा निर्वाह गर्न सक्षम हुनेछ ।

आयोगको मौजूदा व्यवस्थापनलाई देहाय बमोजिम प्रस्तुत गरिएकोछः-

## (क) संगठनात्मक संरचनाः

आयोगको वर्तमान संगठनात्मक संरचना देहाय बमोजिम रहेको छः –




**द्रष्टव्यः** प्रशासन महाशाखाका अधिकृतहरूले तर्जुमा शाखा (ख) समेत हेर्ने तथा पुस्तकालय शाखाको नायव सुब्बाले तर्जुमा शाखा (क) र सामान्य प्रशासन शाखाको नायव सुब्बाले तर्जुमा शाखा(ख) समेतको काम गर्ने गरी संगठन संरचना तयार गरिएको छ।

## (ख) भौतिक अवस्था

कार्यालयको भौतिक अवस्था र पूर्वाधारले कार्यालयको काम गर्ने वातावरणलाई प्रभाव पारेको हुन्छ । जमल, रानीपोखरीमा रहेको आयोग २०६१ साल श्रावणदेखि सिंहदरवारमा स्थानान्तरण भई आफ्नो कार्य संचालन गर्न पाउँदा सरल महशुस भएतापनि आयोगलाई उपलब्ध गराएको भवनको तलामा रहेका कोठाहरू पर्याप्त छैनन् । आयोगको प्रमुख कार्य नै कानुन तर्जुमा रहेको सन्दर्भमा आयोगको दैनिक प्रशासकीय तथा व्यवस्थापकीय काम कारबाहीहरू संचालन गर्न आवश्यक पुस्तक, कम्प्युटर, फोटोकपी मेशिन लगायतका टेलिफोन लाइनको संख्या समेत आवश्यकता भन्दा कम रहेको छ । यसका लागि पर्याप्त सन्दर्भ सामग्री सहितको पुस्तकालय आवश्यक हुन्छ । पर्याप्त बजेटको अभावले हाल आयोगको पुस्तकालयमा पुस्तकको संख्या न्युन रूपमा मात्र रहेको छ । आयोगका पदाधिकारीहरू तथा स्वीकृत दरबन्दी अन्तर्गत रहेका सह–सचिवहरू सवारी साधन र सवारी चालकको अभाव रहेको छ भने आयोगमा कार्यरत अधिकृत लगायतका अन्य कर्मचारीहरूकालागि सवारी साधनको आधारभूत सुविधा समेत प्रदान गर्न सकिएको छैन ।

## (ग) जनशक्ति विकास

कुनै पनि संगठनमा जनशक्ति जति सवल, सक्षम र उत्प्रेरित भयो संगठनले त्यति नै बढी उपलब्धि हासिल गर्न सक्षम र सफल हुन्छ । कानुन तर्जुमा गर्ने कार्य आफैमा जटील संवेदनशील कार्य समेत हो । व्यापक र गहन अध्ययन, अनुसन्धानबाट मात्र उपयुक्त कानुनको निर्माण हुन सक्छ । आयोगले प्रारम्भिक रूपमा तयार गरेको कानुनको मसौदालाई बृहतरूपमा छलफल गरी गराई पर्याप्त मात्रामा राय, सुझाब, परामर्श र प्रतिक्रिया प्राप्त गरेरमात्र परिमार्जनको प्रक्रियामा लैजानु पर्ने हुन्छ । कानुनको क्षेत्रमा विशेष योग्यता, दक्षता एवं अनुभव प्राप्त जनशक्तिको आवश्यकता महशुस भएको छ । जसको अभावमा आयोगले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा सफलता प्राप्त गर्न सक्ने अवस्था हुँदैन ।

आयोगमा कार्यरत जनशक्तिलाई सक्षम, योग्य र दक्ष बनाउन विभिन्न आवश्यकता अनुसारको प्रशिक्षण तथा तालिमको व्यवस्था हुनु आवश्यक छ । कर्मचारीहरूलाई उत्प्रेरित गराउन उनीहरूको वृत्ति विकासका पर्याप्त अवसर उपलब्ध गराउन स्वदेशी तथा वैदेशिक तालीममा सहभागी हुने अवसर उपलब्ध गराई आयोगमा कार्यरत कर्मचारीको मनोवल बढाउने र आयोगमा काम गर्न आउन चाहने कर्मचारीको आकर्षणमा वृद्धि गराउन आवश्यक रहेतापनि तत्सम्बन्धमा पर्याप्त व्यवस्था हुन सकेको छैन । परिणामतः कर्मचारीहरू स्वयम्को वृत्ति विकास र आयोगको जनशक्ति विकासमा ठोस उपलब्धि हासिल हुन सकिरहेको छैन ।

ऐनले आयोगलाई प्रदान गरेको जिम्मेवारी र कार्य प्रकृतिलाई विश्लेषण गर्दा मौजुदा दरबन्दी पर्याप्त छैनन । कानुनको क्षेत्रमा गर्नु पर्ने अनुसन्धानमूलक कार्य सम्पन्न गर्नकोलागि त्यस्तो कार्यका लागि तद्नुकूलको दक्ष जनशक्तिको व्यवस्था हुनु नितान्त आवश्यक छ । अपर्याप्त जनशक्ति, स्थान र साधनका कारण अनुसन्धान महाशाखाको गठन गर्न सकिएको छैन । हाल आयोगले नेपालका कानुनलाई वेवसाइटमा राख्न थालेको छ तर सोको व्यवस्थापन र निरन्तरताको लागि कम्प्युटर अधिकृतको आवश्यकता भएतापनि सो दरवन्दी नहुँदा समस्या सिर्जना हुन सक्छ । तसर्थ यी सम्पूर्ण पक्षलाई गम्भीर रूपमा लिई आयोगको जनशक्ति संसाधनमा उपयुक्त व्यवस्था हुनु वान्छनीय छ । आयोगको आ.ब. ०६५।६६ मा उल्लेखनीय काम गरे वापत कार्यालय सहयोगी श्री राम बहादुर राना मगरलाई उत्कृष्ट कर्मचारी घोषित गरी पुरस्कृत समेत गरिएको छ ।

हाल यस आयोगमा कार्यरत कर्मचारीहरूको पद तथा नामावली अनुसूची–५ मा दिइएको छ ।

### (घ) आयोगको आर्थिक पक्ष

आयोगको दायित्व, जिम्मेवारी र सम्पन्न गर्नुपर्ने कार्यप्रकृतिका आधारमा वर्तमान बजेट उपर मध्यनजर राख्दा आयोग आर्थिक पक्षबाट मजबुत र सवल हुन सकेको देखिदैन । कानुनको तर्जुमाको मूल आधार नै वृहत अध्ययन, अनुसन्धान, अध्ययन–भ्रमण, गोष्ठी, सेमिनार नै भएकोले त्यसको लागि समेत आयोगलाई पर्याप्त मात्रामा स्थायी प्रकृतिको आर्थिक स्रोत हुन जरूरी छ। तर अर्थ मन्त्रालयका पदाधिकारीहरूले आयोगको आवश्यकतालाई सकारात्मक रूपमा लिने गरेको पक्ष भने प्रशंसनीय छ। आयोगको आ.व. ०६५/६६ को वार्षिक आर्थिक विवरण अनुसूची-६ मा दिइएको छ।

### (ङ) आर्थिक अनुशासन

आयोगले आफ्नो कार्य सम्पादनको सन्दर्भमा सञ्चालन गरेको हरेक क्रियाकलापमा आर्थिक प्रशासन सम्बन्धी ऐन नियमको परिधिभित्र रही मितव्ययी, कार्यदक्ष, पारदर्शी र औचित्यपूर्ण ढङ्गले आर्थिक कारोवार गरेकोले आयोगको बेरूजु शुन्य रहेको कुरा महालेखा परीक्षकको कार्यालयबाट हुने लेखा परीक्षणबाट समेत पुष्टी भएकोछ । बेरूजु शुन्य बनाउन विशेष योगदान दिने आयोगको आर्थिक प्रशासन शाखाको कार्यसम्पादन प्रशंसनीय छ।

## ३. आयोगद्वारा सम्पादित कामको विवरण

आयोगलाई तोकिएका काम, कर्तव्य र अधिकारको प्रयोग तथा पालना गर्न आयोग सक्रिय रहेको छ । सोही क्रममा आवश्यक कानुनको निर्माण गर्न आयोगको तर्फबाट आवश्यक अध्ययन,

अनुसन्धान तथा विशेषज्ञहरूसँग परामर्श गर्ने काम भइरहेको छ। साथै विभिन्न गोष्ठि, सेमिनार तथा अन्तरक्रिया कार्यक्रमहरूको आयोजना गरी प्राप्त भएका रायसुझाबहरूलाई समेत समावेश गरी विधेयकको मसौदा तयार गर्ने र त्यसरी तयार गरिएका विधेकलाई सरकार समक्ष पेश गरिसकेको छ भने केही विधेयकहरूको मसौदा अन्तिम रूपमा तयार गर्ने काम भइरहेको छ। आयोगका कार्यलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

## ३.१. विधेयक मसौदाः

यस आर्थिक वर्षमा आयोगले देहायका विधेयक तयार गरी नेपाल सरकारसमक्ष पेश गरेको थियो। ती विधेयकको मसौदाका पूर्ण विवरण अनुसूची–१ मा दिइएको छ।

(क) "नेपाल गुणस्तर विधेयक, २०६५"

(ख) "नेपाल एक्रिडिटेसन परिषद् विधेयक, २०६६"

(ग) "झुट्टा अभिव्यक्ति नियन्त्रण विधेयक, २०६६"

साथै देहाय बमोजिमका विधेयकहरूको मसौदा अन्तिम रूपमा तयारी गर्ने काम कारबाही भइरहेको छः-

(क) "धरौट जमानत तथा हिरासत सम्बन्धी विधेयक"

(ख) "नागरिक अधिकार विधेयक"

(ग) "सर्पुदगी सम्बन्धी विधेयक"

(घ) "पारस्पारिक कानुनी सहायता सम्बन्धी विधेयक"

(ङ) "जुवा नियन्त्रण विधेयक"

(च) "मुलुकी ऐन, २०२० को संशोधन विधेयक"

(छ) " नेपाल कानुन व्याख्या ऐन को मस्यौदा विधेयक"।

## ३.२. अन्य कार्य :

**(क) आचार संहिता निर्माणः**

आयोगले आफ्ना पदाधिकारीहरूको आचार संहिता तयार गरी लागू गरेको छ। सो आचार संहिताको पूर्ण विवरण अनुसूची-२ मा रहेको छ।

**(ख) वेवसाइट निर्माण सम्बन्धीः** हाल नेपालमा ३०५ वटा ऐनहरू प्रचलनमा रहेको देखिन्छ। यी ऐनहरू नेपाल राजपत्रमा प्रकाशन भई देशको प्रत्येक ठाउँमा पुग्न निकै समय लाग्ने गरेको छ। त्यसबाट नागरिकका साथै अदालत, सरकारी कार्यालय एवं अन्य निकाय र व्यक्तिहरूलाई कठिनाई पर्न गएको छ। ऐन लागू भए पश्चात नै वेवसाइटमा राख्ने व्यवस्था भएमा सबैलाई उपयोगी हुनेछ। वैदेशिक लगानी प्रोत्साहन गर्न सहयोग गर्ने प्रकृतिका केही ऐन, नियमलाई

अनुवाद गरी राख्न पनि जरूरी भइसकेको छ । तसर्थ आयोगले प्रथम चरणमा प्रचलनमा रहेका संविधान, ऐन, नियम तथा दोश्रो चरणमा २००७ साल पछि बनेका सबै ऐन वेवसाइटमा राख्ने काम यसै आर्थिक वर्षदेखि शुरू गरेको छ ।यस वर्ष नेपालको अन्तरिम संविधान, २०६३ र विभिन्न १२३ वटा ऐन नेपाली भाषामा र ४२ वटा ऐन अंग्रेजी भाषामा www.lawcommission.gov.np वेवसाइटमा राखिएको छ । वेवसाइटमा रहेका ऐन (नेपाली/अंग्रेजी) को सूची अनुसूची-३ राखिएको छ ।

(ग) **कानुन तर्जुमा दिग्दर्शन** :

कानुन तर्जुमाका सम्बन्धमा भाषा, व्याकरण, शैली, संरचना, ढाँचा आदिमा एकरूपता ल्याई कानुनलाई स्पष्ट र सरल बनाउनका लागि कानुन तर्जुमा दिग्दर्शन (Legislative Drafting Manual) को मसौदा तयार गरी स्वीकृतिका लागि कानुन तथा न्याय मन्त्रालयमा लेखी पठाइएको छ । सो स्वीकृत भएपछि प्रकाशन गरिने योजना रहेको छ ।

## ४. अन्य संस्थासँगको समन्वयमा भएका कार्य :

नेपाल कानुन आयोग र राष्ट्रिय योजना आयोगको सचिवालय

आ.व.२०६२।६३ देखि संचालन भएको आर्थिक सुधार कार्यक्रम अन्तर्गतको अवसर कोष (Challenge fund) को रकम उपयोग गरी विविध प्रकारका सुधार आयोजना संचालन गर्न इच्छुक सरकारी निकायहरूलाई प्रस्ताव पेश गर्न राष्ट्रिय योजना आयोगको सचिवालय, गरिबी अनुगमन महाशाखाबाट सूचना प्रकाशन भएअनुसार आयोगले कानुन तर्जुमामा एकरूपता ल्याउने उद्देश्यले कानुन तर्जुमा दिग्दर्शन (Legislative Drafting Manual) बनाउनकालागि तयार गरी पेश गरेको आयोजना प्रस्ताव (Project Proposal) राष्ट्रिय योजना आयोगको सचिवालय, आर्थिक सुधार कार्यक्रमको निर्देशक समितिले स्वीकृत गरेको थियो । Legislative Drafting Manual Development Project विषयक आयोजना प्रस्ताव स्वीकृत गरेपश्चात् राष्ट्रिय योजना आयोगको सचिवालयको आर्थिक परामर्श सेवा एकाई र नेपाल कानुन आयोग बीच मिति २०६३।९।२८ मा सम्पन्न सम्झौता बमोजिम आयोगले 'कानुन तर्जुमा दिग्दर्शन विकास आयोजना' (Legislative Drafting Manual Development Project) सञ्चालन गरिरहेको छ ।

कानुन तर्जुमा दिग्दर्शन विकास आयोजनाले कानुन तर्जुमामा भाषा, व्याकरण, शैली, संरचना, ढाँचा आदिमा एकरूपता ल्याई कानुनलाई स्पष्ट र सरल बनाउनका लागि कानुन तर्जुमा दिग्दर्शन

(Legislative Drafting Manual) को मसौदा तयार गरी स्वीकृतिका लागि कानुन तथा न्याय मन्त्रालयमा लेखी पठाइएको छ ।

## ५. कर्मचारीको वृत्ति विकाससम्बन्धी क्रियाकलाप :

शाखा अधिकृत पुरूषोत्तम नेपाल मिति २०६५।८।१३ देखि मिति २०६५।८।१९ सम्म भारतको नयाँ दिल्ली अवलोकन भ्रमण जानु भई भारतको कानुन तर्जुमा विषयमा प्राविधिक तथा अवधारणात्मक पक्षको जानकारी लिई निजको विशेषज्ञता विकासमा सहयोग पुगेको छ ।

## ६. आयोगको आ.व. २०६६/०६७ को वार्षिक कार्यक्रम

आयोगको आ.व. २०६६/०६७ को प्रक्षेपित वार्षिक कार्यक्रम अनुसूची-७ मा दिइएको छ ।

## ७. आयोगको प्रतिबद्धता

(क) कानुन निर्माणको लागि सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेका विशेषज्ञहरूको सूची तयार गर्ने ।

(ख) कानुन तर्जुमाको कार्यलाई पारदर्शी गर्न तथा सोसँग सम्बन्धित सरोकारवाला (stakeholder) सँग छलफल गर्ने ।

(ग) कानुन तर्जुमालाई कानुनी अनुसन्धान (legal research) मा आधारित बनाउने ।

(घ) आयोग र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तर्जुमा गर्ने निकाय (Law Drafting Agency) सँग सम्पर्क र समन्वय कायम राख्ने ।

(ङ) नेपाल कानुनलाई नेपाली भाषामा र नेपाली भाषामा रहेकालाई अंग्रेजी भाषामा अनुवाद गरी वेवसाइटमा राख्दै जाने ।

(च) वेवसाइटमा रहेका कानुनलाई अद्यावधिक गर्दै जाने ।

## ९. आयोगको भावी लक्ष्य:

कानुनमा सर्वसाधारणको सहज पहुँच सिर्जना गर्नका लागि आयोग अन्तर्गत वेवसाइटको निर्माण गरी त्यसमा नेपाल कानुनलाई नेपाली भाषा र नेपाली भाषाका नेपाल कानुनलाई अंग्रेजी भाषामा समेत अनुवाद गरी राख्ने कार्यको शुरूवात भएको छ । आगामी दिन आयोगको वेवसाइट मार्फत नेपालका सबै कानुनसम्म सर्वसाधारणको सहज पहुँच पुऱ्याउने उद्देश्यले सबै कानुनलाई वेवसाइटमा राख्ने लक्ष्य आयोगले लिएको छ । आयोग कानुन तर्जुमाका साथै अनुसन्धानात्मक कार्यमा पनि संलग्न हुँदै जाने र

कानुन न्याय सम्बन्धी अनुसन्धनात्मक पत्रिका प्रकाशन गर्ने आयोगको भावी योजना छ। कानुनको शासन स्थापना गर्न मद्दत पुऱ्याउनु आयोगको पनि दायित्व हो । यसका लागि कानुन न्याय सम्बन्धी रेडियो/टेलिभिजन कार्यक्रम सञ्चालन गर्नु पनि आयोगको लक्ष्य छ। क्षेत्रगत कानुनमा एकैपटक सुधार र परिमार्जन गर्ने पद्धतिको विकास गर्ने, कानुनको क्षेत्रमा Field Research गर्ने पद्दतिको विकास गर्ने, कानुन र न्यायका क्षेत्रमा विशेषज्ञता हासिल गरेका विशिष्ट व्यक्तिहरूको Profile तयार गरी आयोगले आफ्नो कार्यमा त्यस्तो व्यक्तित्वको विशेषज्ञता प्रयोग गर्दै जाने, कानुन निर्माणमा सरोकारवालाहरूलाई संलग्न गराउने किसिमका कार्यक्रम गर्ने जस्ता कार्यहरूलाई आयोगले आफ्नो भावी लक्ष्यमा राखेको छ।

# १०. समस्या र सुझाव

## १०.१. **नेपाल कानुन आयोगका नीतिगत एवम् कानुनी व्यवस्था, समस्या र सुझाव :**

आयोगको भूमिकालाई अनुसन्धानात्मक, रचनात्मक र उद्देश्यूलक बनाउन दीर्घकालिन सोच, राजनीति प्रतिवद्दता अत्यन्त आवश्यक देखिन्छ । तर तीन वर्षीय अन्तरिम योजना समेतले आगामी दिनमा आयोगको भूमिकाका सम्बन्धमा कुनै कुरा उल्लेख भएको पाईदैन । आयोगलाई राज्यमा भएको परिवर्तित भूमिका अनुकूल बदल्न सक्नुपर्छ। कानुनको तर्जुमा गर्ने काम व्यवहारिक र अनुसन्धानमुलक रहेको सन्दर्भमा कानुनको अध्ययन, अनुसन्धान, विष्लेषण गर्न र राज्यलाई कानुन तर्जुमा सम्बन्धमा सुझाव सल्लाह दिन आयोगलाई जिम्मेवार निकाय (Responsible Think Tank) का रूपमा स्थापित गर्न आवधिक योजनामा समेत नीतिगत व्यवस्था गर्नु पर्ने देखिन्छ।

### १०.२. **संगठन संरचना सम्बन्धी समस्या र सुझाव :**

(क) कानुन तर्जुमा सम्बन्धमा आयोगको भूमिका गौण मानिनु:

कानुन तर्जुमा सम्बन्धी कार्य अत्यन्त जटिल र चुनौतिपूर्ण समेत रहेको छ। एकातिर राज्यले विश्वव्यापिकरणले ल्याएको नविन विश्वव्यापी सोचलाई आत्मसात गर्नुपर्ने आवश्यकता छ भने अर्कोतिर राज्यको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौगोलिक यथार्थ धरातललाई पनि बिर्सन मिल्ने अवस्था छैन । यी परिस्थिति र चुनौतीलाई समायोजन गरी बर्तमान राज्यको भूमिका र संरचनामा सकारात्मक मौलिक परिवर्तन ल्याउन मुलुकमा रहेका विद्यमान कानुनमा संशोधन गर्नु पर्ने तथा धेरै क्षेत्रमा नयाँ कानुन निर्माण गर्नु निकै चुनौतिपूर्ण कार्य रहेको देखिन्छ । यी जटिल अवस्थामा कानुन तर्जुमा गर्न नेपाल कानुन आयोगलाई अनिवार्य सहभागी गराउने पद्धतिको विकास हुनुपर्छ। कानुन बनाउने उद्देश्यबाट स्थापित आयोगको सहभागिता विना पनि विगतमा कानुन बन्ने गरेको पाईन्छ । यसरी कानुन बनाउँदा कानुनको गुणस्तरीयतामा प्रश्नचिन्ह आउने तथा कतिपय अवस्थामा कानुनको कार्यान्वयन पनि जटिल हुने विगतको अभ्यासले समेत देखाई सकेको अवस्था छ। ती विसंतीहरूलाई दोहोरिन नदिन र गुणस्तरीय कानुनको तर्जुमा गर्न नेपाल कानुन आयोग ऐन, २०६३ को दफा २१ मा रहेको “कानुन तर्जुमा सम्बन्धी काममा आवश्यकता अनुसार आयोगलाई संलग्न गराउन सकिनेछ ” भन्ने व्यवस्था भएतानि हाल सो बमोजिम यस आयोगलाई कानुन तर्जुमामा सहभागी गराउने कार्य गौण हुदै गएको पाइन्छ । एकातिर

कानुन तर्जुमामा आयोगको सहभागिता सिमित गराउदै लगिनु अर्कातिर कानुन तर्जुमा भई कार्यान्वयनमा नआउदै संशोधनको गुन्जायस खड्किनुले कानुन तर्जुमाका सम्बन्धमा गहन र व्यापक अध्ययन, अनुसन्धान, विश्लेषण भएको भन्ने अवस्था देखिदैन । राज्यको एउटा मुख्य कर्तव्य कानुन निर्माण गर्नु र त्यसलाई समाजमा समुचित पालना गराउनु नै हो । राज्यको बहुआयमिक परम्परागत भूमिकालाई कानुनको रचनात्मक तर्जुमा र त्यसको प्रभावकारी पालना तथा कार्यान्वयनबाट मात्र व्यापक रूपान्तरण गर्न सकिन्छ । यसर्थ आगामी दिनमा राज्यलाई व्यापक रूपमा रूपान्तरण गर्न जनमुखी तथा मुलुक र जनतालाई स्वीकार्य हुने गरी कानुन तर्जुमा गर्नु पर्ने परिस्थितिलाई समेत ध्यानमा राखी कानुन तर्जुमा सम्बन्धी कार्यमा आयोगलाई सक्रिय रूपमा सहभागिता गराउन सोचमा समेत परिवर्तन आउन जरुरी छ।

(ख) कानुन निर्माणमा सर्वसाधारण तथा सरोकारवालाको पहुँच सिर्जना हुन नसक्नु :

वर्तमान अवस्थामा आयोगले कानुन तर्जुमा गर्दा व्यापक रूपमा सर्वसाधारण र सरोकारवालाहरूको आवाजलाई प्रत्यक्ष रूपमा ग्रहण गर्नसक्ने परिस्थिति रहेको छैन । यसर्थ आगामी दिनमा कानुनको तर्जुमा गर्दा सर्वसाधारण र सरोकारवालाको सहभागितामा कानुनको असर, प्रभाव, अध्ययन, अनुसन्धान, विश्लेषण गर्न वा गराउन सक्ने गरी आयोगको वर्तमान भूमिकामा आवश्यक परिवर्तन ल्याउन  उचित वातावरण निमार्ण गर्नु पर्ने अवस्था छ । यसका लागि वर्तमान नेपाल कानुन आयोगको संरचनामा कानुन अनुसन्धान महाशाखाको व्यवस्था र सो अनुसार जनशक्तिको समेत व्यवस्था गर्नु पर्ने देखिन्छ, जसबाट विद्यमान कानुनी व्यवस्थामा रहेका कमीकमजोरी र समस्यालाई अध्ययन गरी परिर्वतित राज्यको भुमिका  अनुकूल कानुन तर्जुमा र संशोधन गर्न मद्दत मिलोस् । यसका लागि आयोगले आवश्यकता अनुसार विशेषज्ञ र अनुसन्धानकर्ताको सहयोग लिनु पर्ने समेत हुदाँ सो अनुसार आयोगको संरचनागत व्यवस्थामा परिर्वतन गर्नु पर्ने देखिन्छ।

१०.३. **मानव स्रोत/जनशक्ति व्यवस्थापन सम्बन्धी समस्या र सुझाव :**

(क) जनशक्तिको विकास हुन नसक्नु :

कानुन तर्जुमा जस्तो व्यापक, गहन एवं जटिल कार्यमा संलग्न आयोगको काम कारवाईलाई प्रभावकारी बनाउन यसको सांगठनिक स्वरूपमा सुधार गर्न, कर्मचारीको क्षमता वृद्धि र वृत्ति

विकासका अवसर उपलब्ध गराउन, भौतिक पूर्वाधारको विकास गर्न तथा आर्थिक पक्ष सुदृढ बनाउन आवश्यक छ । आयोगले अनुसन्धानमूलक कार्य बढी गर्नु पर्ने भए पनि सो अनुरूपको जनशक्तिको विकास हुनु आवश्यक छ। यी पक्षलाई सुदृढ गर्न सकिएमा आयोग निश्चय नै बढी प्रतिस्पर्धी, सक्षम र उद्देश्यमूलक हुने आशा गर्न सकिन्छ। यसर्थ यसतर्फ पनि ध्यान दिनु पर्ने देखिन्छ।

(ख) आयोगका कर्मचारीको व्यवसायिक दक्षतामा अभिवृद्धि नहुनुः

आयोगका कर्मचारीहरूको काम अत्यन्त अनुसन्धानात्मक र सृजनात्मक रहेको हुन्छ । कर्मचारीले कार्यालय समयमा मात्र कार्य गरेर पुग्ने अवस्था हुँदैन। यसका लागि कार्यालय समय बाहेक अन्य समयमा पनि निरन्तर अध्ययन अनुसन्धानको खाँचो परी नै रहन्छ । मुलुकमा रहेको विद्यमान कानुनी व्यवस्था, त्यसको असर, त्यसमा रहेको सुधारको सम्भावना र त्यसको वैकल्पिक मार्ग समेतलाई अध्ययन गर्नु आजको अनिवार्य आवश्यकता हो जुन कार्य आफैमा चुनौतिपूर्ण पनि छ । यस्तो चुनौतीपूर्ण कार्य सम्पादन गर्न तोकिने कर्मचारीहरूलाई हालकै अवस्थाबाट मात्र कार्य गराउँदा प्रभावकारिता आउने सक्ने अवस्था देखिंदैन। यसर्थ आयोगका कर्मचारीहरूको व्यवसायिक दक्षता अभिवृद्धि गर्न कर्मचारीहरूलाई नियमित अध्ययन, अनुसन्धान, तालिम तथा विदेश भ्रमणको अवसर उपलब्ध गराउनु पर्छ। साथै कर्मचारीलाई आयोगको कार्यमा कार्यालय समयबाहेक पनि दत्तचित्त भएर अग्रसर हुने वातावरण तयार गर्न आयोगका कर्मचारीहरूलाई थप व्यवसायिक भत्ता तथा सवारी सुविधाको व्यवस्था गरिनु पर्छ।

**(ग) कर्मचारीको अभाव रहनु :**

एकातिर आयोगमा थोरै मात्र कर्मचारी दरवन्दी रहेको छ भने अर्कातिर ती दरबन्दी पनि निरन्तर रूपमा रिक्त नै रहने गरेको तथा भएका कर्मचारीलाई पनि अन्य कार्यालयमा काजमा खटाउने गरिएकाले आयोगको कार्यमा सुस्तता ल्याउन बल पुर‍्याएको देखिन्छ। पर्याप्त र योग्य कर्मचारीको अभावमा आयोगको भूमिका प्रतिस्पर्धी, सक्षम र उद्देश्यमूलक नहुनु स्वाभाविक हुन्छ । हाल यस आयोगले नेपाल कानुनमा स्वदेशी तथा विदेशी सर्वसाधारण समेतको सहज पहुँच सिर्जना होस् भन्ने उद्देश्य राखी ती कानुनलाई नेपाली भाषा र अंग्रेजी भाषामा समेत अनुवाद गरी वेवसाइट मार्फत सार्वजनिक गर्ने कार्यको थालनी गरेको छ। यस

कार्यलाई व्यापकता र निरन्तरता दिन आयोगमा कम्प्युटर अधिकृतको दरबन्दी नभएको हुँदा जटिलता सिर्जना भएको छ जसका लागि आयोगमा एक जना कम्प्युटर अधिकृतको दरवन्दी आवश्यक रहेको छ । यसका लागि सेवा सम्वद्ध निकायको ध्यानकर्षण हुनुपर्ने देखिन्छ । यी पक्षलाई सुढृढ गर्न सकिएमा आयोग निश्चय नै बढी प्रतिस्पर्धी, सक्षम र उद्देश्यमूलक हुन सक्ने आशा गर्न सकिन्छ ।

**४. आर्थिक, भौतिक साधन स्रोत र पुर्वाधारको व्यवस्थापन सम्बन्धमा रहेका समस्या र सुझाव :**

(क) जनशक्ति र आवश्यक भौतिक पूर्वाधारको व्यवस्था नहुनुः

वर्तमानमा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकका रूपमा स्थापना भइ सकेको तथा सो अनुसार नयाँ संविधान निर्माण भइरहेको सन्दर्भमा आगामी दिनमा नयाँ संविधान अनुकूल हुनेगरी मुलुकका धेरै कानुनहरू तर्जुमा र संशोधन गर्नुपर्ने अवस्था भएकोले त्यसलाई सहज, सरल र उचित समयमा सम्पादन गर्न सक्ने गरी हाल आयोगमा रहेका जनशक्ति पर्याप्त हुन नसक्ने हुदाँ आवश्यक कर्मचारी दरबन्दी र सोही आधारमा साधन श्रोत तथा बजेट समेतको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

(ख) पुस्तकालय सम्बन्धी व्यवस्था प्रभावकारी नहुनुः

नेपाल कानुन आयोगलाई विदेशी र स्वदेशी कानुनको संग्रह स्थानको रूपमा स्थापित गर्नु पर्ने हो । तर जुन रूपमा नेपाल कानुन आयोगमा पुस्तकालयको व्यवस्था हुनु पर्ने हो सो हुन सकेको छैन । पुस्तकालयका लागि छुट्टै जनशक्ति पनि नभएको तथा राज्यका सवै विद्यमान कानुनलाई पुस्तकालयमा राख्न सकेको अवस्था पनि छैन । यसर्थ आयोगमा मुलुकका कानुन सम्पूर्ण रूपमा, विदेशी कानुनका आवश्यक प्रति र कानुन सम्बन्धी स्वदेशी तथा विदेशी पुस्तकहरू व्यापक रूपमा रहने गरी आयोगको पुस्तकालयको विकास र विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ । यसका लागि आवश्यक पर्ने पूर्वाधार जस्तै भवन, जनशक्ति, बजेटको प्रभावकारी रूपमा व्यवस्था गर्नुपर्ने अवस्था रहेको छ ।

(ग) आयोगको आफ्नै स्थायी भवनको व्यवस्था नहुनु :

सीमित साधन र स्रोतको समुचित परिचालन गर्दै कानुनको तर्जुमा, संहिताकरण तथा कानुन र न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन, अनुसन्धान गर्ने कार्यमा लामो समयदेखि नेपाल

कानुन आयोग सक्रिय रूपमा कार्यरत रहेको छ । नेपाल कानुन आयोग ऐन, २०६३ ले आयोगलाई स्थायित्व दिएको छ । तर आयोगको आफ्नै भवन नभई २०६१ सालदेखि सिंहदरबारस्थित हालको शान्ति तथा पुनर्निमाण मन्त्रालय रहेको भवनको तल्लो तलामा बस्दै आएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०६४/२/११ मा आयोगलाई कानुन तथा न्याय मन्त्रालय रहेको भवनमा सार्ने निर्णय गरेको छ। कानुन तथा न्याय मन्त्रालय रहेको भवनमा पर्याप्त कोठाहरू नभई आयोगको कार्यसञ्चालन गर्न कोठा अपुग हुने व्यहोरा सो मन्त्रालयले जनाएको छ। यसर्थ आफ्नै भवन नहुँदा यसले आफ्नो कार्य प्रभावकारी रूपमा कार्यान्वयन गर्न असजिलो महसुस गरिरहेको छ।

यसर्थ आयोगको लागि आफ्नै भवन निर्माण गर्न आवश्यक भएको हुँदा हाल काठमाडौं जिल्ला अदालतका लागि छुट्टै भवन बनिरहेको र निर्माण पछि काठमाडौं जिल्ला अदालत नयाँ भवनमा सर्ने हुदाँ पछि सो भवन बसेको स्थान खाली हुने हुँदा सो स्थानमा यस आयोगको भवन निर्माण गर्नका लागि कम्तिमा चार रोपनी जग्गा तथा सो स्थान उपलव्ध हुन नसकेमा अन्य उपयुक्त स्थानमा आयोगको भवन निर्माण गर्न आवश्यक पर्ने कम्तिमा चार रोपनी जग्गा उपलव्ध गराउन कानुन तथा न्याय मन्त्रालय मार्फत नेपाल सरकारमा अनुरोध गर्ने भनी आयोगबाट मिति २०६५।१०।१७ मा निर्णय भई सो अनुसार आवश्यक प्रक्रिया अगाडि बढाइएको छ।

## ५. संगठनको कार्यक्रमहरूको कार्यान्वयनमा देखिएका समस्या र सुझाव :

कानुन तर्जुमा जस्तो प्राविधिक प्रकृतिको जटिल कार्य सम्पादन गर्न विशेषज्ञ सरकारी निकाय लगायत अन्य संयन्त्र हुँदा हुँदै सरकारका विभिन्न मन्त्रालय, विभाग, निकाय र परियोजनाले व्यक्तिगत सम्बन्ध र सर्म्पकका आधारमा तदर्थ (Ad hoc) प्रकृतिका समिति गठन गरी कानुन निर्माणका कार्य सम्पादन व्यक्ति विशेषबाट सम्पन्न गराउने, मसौदा सरकारको जिम्मा लगाउने र अन्ततोगत्वा त्यस्तो मसौदामा कसैको पनि जिम्मेवारी नरहने परम्परामा भइरहेको क्रमिक वृद्धि आफैमा एउटा चिन्ताको विषय बन्न पुगेको छ। कानुन तर्जुमा जस्तो प्राविधिक प्रकृतिको जटिल कार्य व्यक्ति विशेषको जिम्मेवारीमा दिने परम्पराले सरकारको र सरकारको नाउँमा प्राप्त भएको स्रोत र साधनको अपव्यय हुन गएको परिप्रेक्षमा सरकारका सबै निकायले कानुन तर्जुमा गर्दा कानुन आयोगसँग सर्म्पक र समन्वय गरी कार्य गर्नु पर्ने पद्धतिलाई व्यवहारमा विकास गरिएमा खर्चमा मितव्ययिता आउने मात्र नभई कानुन निर्माणमा

गुणस्तरीयता आउने र यसको प्रक्रियामा एकरूपता र समन्वयात्मकता भई प्रभावकारी हुन सक्ने कुरामा आशावादी हुन सकिन्छ । यसतर्फ आयोग सम्बद्ध सबै पक्षको ध्यान आकर्षण गर्न चाहन्छ ।

**६. विगत सुझाव कार्यान्वयन सम्बन्धमा :**

यस आयोगले प्रत्येक बर्ष बार्षिक प्रतिवेदन मार्फत औपचारिक रूपमा र अन्य छलफल सेमिनार गोष्ठि लगायतका अन्य माध्यमबाट अनौपचारिक रूपमा आयोगको भूमिका र समस्याका सम्बन्धमा दिएको सुझावहरूको कार्यान्वयन पक्ष कमजोर रहेको पाइन्छ । आयोगको सुझावलाई कार्यान्वयनमा ल्याउन सम्बन्धित पक्षबाट पहल भएमा मुलुकका कानुन तर्जुमा सम्बन्धी कार्यलाई उद्देश्यमूलक र अनुसन्धानात्मक बनाउन सकिने वातावरण तयार हुन्छ । यसबाट मुलुकमा रहेका कानुनको पालना र कार्यान्वयनमा प्रभावकारिता ल्याई कानुनको शासनलाई स्थायित्व र निरन्तरता प्रदान गर्न मद्दत पुग्छ ।

**७. सरकारी निकायसँगको समन्वय सम्बन्धी समस्या:**

कानुन तर्जुमा जस्तो प्राविधिक प्रकृतिको जटिल कार्य सम्पादन गर्न विशेषज्ञ सरकारी निकाय लगायत अन्य संयन्त्र हुँदा हुँदै सरकारका विभिन्न मन्त्रालय, विभाग, निकाय र परियोजनाले व्यक्तिगत सम्बन्ध र सर्म्पकका आधारमा तदर्थ (Ad hoc) प्रकृतिका समिति गठन गरी कानुन निर्माणका कार्य सम्पादन व्यक्ति विशेषबाट सम्पन्न गराउने, मसौदा सरकारको जिम्मा लगाउने र अन्ततोगत्वा त्यस्तो मसौदामा कसैको पनि जिम्मेवारी नरहने परम्परामा भइरहेको क्रमिक वृद्धि आफैमा एउटा चिन्ताको विषय बन्न पुगेको छ । कानुन तर्जुमा जस्तो प्राविधिक प्रकृतिको जटिल कार्य व्यक्ति विशेषको जिम्मेवारीमा दिने परम्पराले सरकारको र सरकारको नाउँमा प्राप्त भएको स्रोत र साधनको अपव्यय हुन गएको परिप्रेक्षमा सरकारका सबै निकायले कानुन तर्जुमा गर्दा कानुन आयोगसँग सर्म्पक र समन्वय गरी कार्य गर्नु पर्ने पद्धतिलाई व्यवहारमा विकास गरिएमा खर्चमा मितव्ययिता आउने मात्र नभई गुणस्तरको कानुन निर्माण हुने र यसको प्रक्रियामा एकरूपता र समन्वयात्मकता भई प्रभावकारी हुन सक्ने कुरामा आशावादी हुन सकिन्छ। यसतर्फ आयोग सम्बद्ध सबै पक्षको ध्यान आकर्षण गर्न चाहन्छ ।

**८. दातृ निकायसँग समन्वय**

नेपालमा विभिन्न दातृ निकाय र संस्थाले विभिन्न गैरसरकारी संस्थाले कानुनी क्षेत्रमा सुधार वा कानुन परिमार्जन सम्बन्धमा लगानी गरेको पाइन्छ । ती संस्थाका कुनै पनि प्रतिवेदन हालसम्म नेपाल कानुन आयोगमा प्राप्त भएका छैनन् । तसर्थ यस क्षेत्रमा दाताले गरेको लागनीको प्रतिफल कसले पाएको छ

प्रष्ट छैन । कानुनी सुधारको क्षेत्रमा लगानी गर्ने दातृ निकाय र संस्थाले आफूले प्राप्त गरेको प्रतिवेदन नेपाल कानुन आयोगमा उपलब्ध गराउने व्यवस्था हुन जरुरी छ। साथै दाताले गर्ने लगानी बारे स्पष्ट नीति बन्न समेत जरुरी देखिन्छ छ। अन्यथा दाताको इच्छा अनुसारका मसौदा बजारबाट तयार भई दवाव सृजना गर्ने स्थिति आउन सक्छ।

नेपाल कानुन आयोगलाई आफ्नो कार्य संचालनमा आवश्यक सहयोग पुऱ्याउने नेपाल सरकार लगायत सबैलाई आयोग धन्यवाद ज्ञापन गर्दछ।

## अनुसूची - १

## आयोगले नेपाल सरकार समक्ष बुझाएका विधेयक मसौदाहरू :

<u>नेपाल कानुन आयोगको मसौदा</u>

### नेपाल एक्रिडिटेशन परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**<u>प्रस्तावना</u>** वस्तुको परीक्षण (टेस्टिङ), क्यालिब्रेशन, उत्पादन तथा व्यवस्थापकीय प्रणालीको प्रमाणीकरणको समरूपता मूल्यांकन (कन्फर्मिटी एसेस्मेन्ट) गर्ने संस्थाको एक्रिडिटेशन गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८१ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "नेपाल एक्रिडिटेशन परिषद् ऐन २०६६" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकसय एकासीऔं दिनमा प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपभोक्ता" भन्नाले वस्तु, सेवा, प्रक्रिया, प्रणाली उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ग) "इजाजतपत्र" भन्नाले दफा १३ बमोजिमको इजाजतपत्र सम्झनु पर्छ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा १६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "तेस्रो पक्षीय सेवा" भन्नाले सेवा प्रदायक तथा सेवाग्राहीसँग व्यवसायिक सरोकार नभएको व्यक्ति वा संस्थाद्वारा निष्पक्ष र स्वतन्त्ररूपमा निरीक्षण, परीक्षण गरी प्रमाणित रूपमा प्रदान गरिएको सेवा सम्झनु पर्छ ।

(छ) "परिषद्" भन्नाले दफा ५ बमोजिमको नेपाल एक्रिडिटेशन परिषद् सम्झनु पर्छ ।

(ज) 'परीक्षक" भन्नाले दफा १३ बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(झ) "प्रक्रिया" भन्नाले वस्तु तथा सेवाको उत्पादन वा निर्माण देखि उपभोग हुँदासम्मका प्रक्रिया सम्झनु पर्छ।

(ञ) "प्रमाणपत्र" भन्नाले दफा १२ बमोजिमको एक्रिडिटेशन प्रमाणपत्र सम्झनु पर्छ।

(ट) "बोर्ड" भन्नाले दफा ९ बमोजिमको विषयगत एक्रिडिटेशन बोर्ड सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले उद्योग मन्त्रालय सम्झनु पर्छ।

(ड) "मुख्य परीक्षक" भन्नाले दफा १३ बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ढ) "वस्तु" भन्नाले प्राकृतिक, अर्धप्राकृतिक, कृत्रिम, निर्मित, अर्धप्रशोधित वा प्रशोधित पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदार्थमा जडित कच्चा पदार्थ, रंग, सुगन्ध र रसायन समेतलाई जनाउँछ।

(ण) "व्यवस्थापकीय प्रणाली" भन्नाले अन्तराष्ट्रिय गुणस्तर निर्धारण संस्थाद्वारा निर्धारित व्यवस्थापकीय प्रणाली सम्झनु पर्छ।

(त) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र यो शब्दले परिषद्को अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

## परिच्छेद-२

## नेपाल एक्रिडिटेशन परिषद्को स्थापना सम्बन्धी व्यवस्था

३. **नेपाल एक्रिडिटेशन परिषद्को स्थापना**: समरूपता मूल्याङ्कन तथा एक्रिडिटेशनको काम कारवाईको व्यवस्थापन र सञ्चालन गर्न नेपाल एक्रिडिटेशन परिषद्को स्थापना गरिएको छ।

४. **परिषद् स्वशासित र सँगठित संस्था हुने**: (१) परिषद् अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) परिषद्को आफ्नो छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्ति सरह चल-अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेच विखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) परिषद्ले आफ्नो नामबाट नालिस, उजुर गर्न र परिषद्उपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ।

(५) परिषदले व्यक्ति सरह करार गर्न र करार बमोजिम अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. **परिषद्को गठन**: (१) परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहनेछन्:-

(क) स्नातकोत्तर तह उत्तीर्ण र वस्तुको गुणस्तर निर्धारण, क्यालिब्रेशन, प्रयोगशाला व्यवस्थापन, उत्पादन तथा व्यवस्थापकीय, प्रणाली प्रमाणीकरण वा प्रयोगशाला एक्रिडिटेशन सम्बन्धी विधामा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको व्यक्तिहरूमध्येबाट नेपाल सरकारद्वारा नियुक्त व्यक्ति - अध्यक्ष

(ख) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, - सदस्य

(ग) महानिर्देशक, औषधि व्यवस्था विभाग, -सदस्य

(घ) महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग, -सदस्य

(ङ) नेपाल उद्योग वाणिज्य महासंघ, घरेलु तथा साना उद्योग महासंघ तथा नेपाल उद्योग परिसंघका अध्यक्ष मध्येबाट दुई/दुई वर्षको पालैपालो हुने गरी परिषद्‌ले तोकेको एकजना अध्यक्ष - सदस्य

(च) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल इञ्जिनियरिङ परिषद् - सदस्य

(छ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल मेडिकल काउन्सील - सदस्य

(ज) उपभोक्ता हक हित संरक्षण संघहरू मध्येबाट परिषद्द्वारा मनोनित महिला सहित दुई जना - सदस्य

(झ) राष्ट्रियस्तरका विज्ञान तथा प्रविधि सम्बन्धी संस्थाहरूमा संलग्न व्यक्तिहरू मध्येबाट परिषद्द्वारा मनोनित एकजना महिला सहित दुईजना -सदस्य

(ञ) राष्ट्रियस्तरका व्यवस्थापन सम्बन्धी संस्थामा संलग्न व्यक्तिहरूमध्येबाट परिषद्द्वारा मनोनित एकजना महिला सहित दुई जना - सदस्य

(ट) एक्रिडिटेशन बोर्डका अध्यक्षहरू - सदस्य

(ठ) कार्यकारी निर्देशक -सदस्य सचिव

(२) अध्यक्षको नियुक्तिको लागि सिफारिस गर्न नेपाल सरकारले मन्त्रालयको सचिवको अध्यक्षतामा तीन सदस्यीय समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिम गठित समितिले योग्यता पुगेका व्यक्तिमध्येबाट अध्यक्षको नियुक्तिको लागि तीन जनाको नाम सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस गरिएका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले अध्यक्षको नियुक्ति  गर्नेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि तीन जनाभन्दा कम व्यक्तिको निवेदन पर्न आएमा अध्यक्षको नियुक्तिको लागि योग्य देखिएका व्यक्तिको नाम सिफारिस गर्न बाधा पुगेको मानिने छैन ।

(६) उपदफा (२) बमोजिम गठित समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

६. **<u>बैठक र निर्णय</u>**ः (१) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(३) परिषद्को बैठकबस्नु भन्दा सामान्यतया सातदिन अगावै कार्यकारी निर्देशकले बैठकको कार्यसूची सहितको विवरण सदस्यलाई उपलव्ध गराउनु पर्नेछ ।

(४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूमध्ये आफूले छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) परिषद्ले आवश्यकता अनुसार विशेषज्ञलाई बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सक्नेछ ।

(८) परिषद्को निर्णय कार्यकारी निर्देशकद्वारा प्रमाणित गरिनेछ ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **<u>परिषद्को काम, कर्तव्य र अधिकार</u>**ः यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को अन्य काम कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) समरूपता मूल्याङ्कन सम्बन्धी कामकारवाईलाई प्रभावकारी बनाउन आवश्यक नीति तयार गर्ने,

(ख) परिषद् तथा बोर्डको निर्देशिका स्वीकृत गर्ने,

(ग) बोर्डको नीति, योजना, कार्यक्रम तथा कार्यविधि स्वीकृत गर्ने,

(घ) नेपाल सरकारको नीति अन्तर्गत रही समकक्षी विदेशी वा अन्तर्राष्ट्रिय संस्थासँग समरूपता मूल्याङ्कन तथा एक्रिडिटेशन सम्बन्धी सम्झौता गर्ने,

(ङ) समरूपता मूल्याङ्कन तथा एक्रिडिटेशन सम्बन्धी नीतिगत विषयमा नेपाल सरकारलाई सुझाव दिने,

(च) परिषद्ले प्रदान गर्ने सेवा वापत लाग्ने शुल्क निर्धारण गर्ने,

(छ) एक्रिडिटेशन कामको अनुगमन, मूल्याङ्कन, परीक्षण तथा निरीक्षण गर्ने मुख्य परीक्षक तथा परीक्षकलाई तोकिए बमोजिम इजाजतपत्र प्रदान गर्ने,

(ज) प्रमाणपत्र तथा प्रतिक चिन्ह (लोगो) को ढाँचा निर्धारण गर्ने,

(झ) बोर्डले गरेका काम कारवाई विरूद्ध परेका उजुरी सम्बन्धमा निर्णय गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

८. **अध्यक्षको काम, कर्तब्य र अधिकार**: अध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परिषद्को बैठकमा छलफल गरिने विषयको प्राथमिकता निर्धारण गर्ने,

(ख) परिषद्द्वारा संचालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने तथा तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद - ३

## एक्रिडिटेशन बोर्ड सम्बन्धी व्यवस्था

९. **एक्रिडिटेशन बोर्डको गठन**: (१) समरूपता मूल्याङ्कन सम्बन्धी काम कारवाईलाई व्यवस्थित गर्ने संस्था वा व्यक्तिलाई एक्रिडिटेशन गर्न नेपाल सरकारले परिषद्को सिफारिसमा तोकिए बमोजिमका विषयगत एक्रिडिटेशन बोर्डहरूको गठन गर्नेछ ।

(२) बोर्डमा एकजना अध्यक्ष, एकजना सदस्य सचिव र तोकिएको संख्यामा अन्य सदस्यहरू रहनेछन् ।

(३) बोर्डको अध्यक्ष र सदस्य-सचिवमा नियुक्त वा मनोनित हुनको लागि कम्तीमा स्नातोकत्तर उपाधी प्राप्त गरेको र गुणस्तर तर्जुमा, प्रमाणीकरण वा क्वालिब्रेशन वा प्रयोगशाला व्यवस्थापन सम्बन्धी क्षेत्रमा अध्यक्षको लागि कम्तीमा दश वर्ष र सदस्य-सचिवमाको लागि कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको हुनुपर्छ ।

(४) बोर्डको सदस्य नियुक्ति हुन वा मनोनयन हुनका लागि कम्तीमा स्नातकोपाधी प्राप्त गरेको र तोकिए बमोजिमको अन्य योग्यता पुगेको व्यक्ति हुनु पर्नेछ ।

(५) बोर्डको अध्यक्ष, सदस्य र सदस्य-सचिवको नियुक्ति वा मनोनयन परिषद्को सिफरिशमा नेपाल सरकारले गर्नेछ ।

१०. **एक्रिडिटेशन बोर्डको काम, कर्तव्य र अधिकारः** विषयगत एक्रिडिटेशन बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) एक्रिडिटेशन सम्बन्धी कार्य सुचारू रूपले संचालन गर्न कार्यबिधि तयार गरी परिषद्मा पेश गर्ने र परिषद्को निर्णय अनुसार कार्यान्वयन गर्ने, गराउने,

(ख) वस्तु परीक्षण प्रयोगशाला तथा क्यालिब्रेशन प्रयोगशालालाई तोकिए बमोजिम एक्रिडिट गर्ने,

(ग) विभिन्न व्यवस्थापीकय प्रणाली प्रमाणीकरण गर्ने, उत्पादन प्रमाणीकरण गर्ने, निरीक्षण गर्ने संस्थालाई तोकिए बमोजिम एक्रिडिट गर्ने,

(घ) ब्यवस्थापकीय प्रणाली सम्बन्धी तालिम पाठ्यक्रमलाई एक्रिडिटेशन दिने, र त्यस्तो तालिम प्रदान गर्ने संस्था वा व्यक्तिलाई एक्रिडिट गर्ने,

(ङ) विदेशी संस्थाहरूलाई तोकिए बमोजिम एक्रिडिट गर्ने,

(च) एक्रिडिटेशन प्राप्त गर्ने संस्थाको मापदण्ड निर्धारण गर्ने,

(छ) परिषद्को निर्णय बमोजिम अन्य कार्य गर्ने,

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

११. **बैठक र निर्णयः** बोर्डको बैठक र निर्णय सम्बन्धी कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ४

## एक्रिडिटेशन सम्बन्धी व्यवस्था

१२ **एक्रिडिटेशनको लागि दरखास्त दिनुपर्नेः** (१) एक्रिडिटेशनको प्रमाणपत्र लिन चाहने प्रयोगशाला वा संस्था तथा विदेशमा एक्रिडिटेशन प्राप्त संस्थाले नेपालमा एक्रिडिटेशन हुन चाहेमा तोकिएको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा सम्बन्धित विषयगत बोर्ड समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा बोर्डले संस्थाको दरखास्त परेको एक महिनाभित्र तोकिए बमोजिम मुख्य परीक्षक वा परीक्षकबाट प्रारम्भिक तथा स्थलगत परीक्षण गराई प्रतिवेदन लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन  अध्ययन गर्दा एक्रिडिटेशनको प्रमाणपत्र दिन मनासिव देखिएमा बोर्डले तोकिए बमोजिमको दस्तुर लिई प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र एक्रिडिटेशनको प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन बमोजिम कुनै विषयमा सुधार गर्नु पर्ने भएमा सो बमोजिम सुधार गर्न तोकिएको म्याद सहित दरखास्तवालालाई सूचना दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र सुधार सहितको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले पन्ध्र दिनभित्र  बोर्डले मुख्य परीक्षक तथा परीक्षकबाट पुनः स्थलगत परीक्षण गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम परीक्षण गराउदा एक्रिडिटेशनको प्रमाणपत्र दिन उपयुक्त भएमा बोर्डले तोकिए बमोजिमको दस्तुर लिई परीक्षकबाट प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र एक्रिडिटेशनको प्रमाणपत्र दिनुपर्नेछ ।

(७) उपदफा (२) वा (५) बमोजिम परीक्षण गराउँदा कुनै कारणबाट एक्रिडिटेशनको प्रमाणपत्र दिन मनासिब नदेखिएमा बोर्डले सोको कारण खोली स्थलगत परीक्षण गरिएको एक महिनाभित्र दरखास्तवालालाई जानकारी दिनु पर्नेछ ।

(८) बोर्डले एक्रिडिटेशनको प्रमाणपत्र प्राप्त संस्थाको प्राविधिक, साँगठनिक क्षमताको आधारमा कार्य क्षेत्र (स्कोप) आवश्यकता अनुसार थपघट गर्न सक्नेछ र सो सम्बन्धी सूचना राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।

(९) एक्रिडिटेशनको प्रमाणपत्रको अवधि तीन वर्षको हुनेछ ।

१३. **मुख्य परीक्षक तथा परीक्षक**: (१) एक्रिडिटेशन सम्बन्धी कामको अनुगमन, मूल्याङ्कन, परीक्षण तथा निरीक्षणको लागि मुख्य परीक्षक वा परीक्षकको रूपमा काम गर्न चाहने व्यक्तिले तोकिएको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा परिषद्समक्ष दरखास्त दिनु पर्नेछ ।

(२)  उपदफा (१) बमोजिम दरखास्तसाथ तोकिए बमोजिमको योग्यता पुगेको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त दरखास्तमा परिषद्ले छानवीन गर्दा इजाजतपत्र दिन उपयुक्त देखेमा आवश्यक शर्त तोकी दरखास्तवालालाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई इजाजतपत्र  दिनु पर्नेछ ।

(४) कुनै कारणबाट इजाजतपत्र दिन नमिल्ने भएमा परिषद्ले सोको कारण सहितको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम इजाजतपत्र जारी गर्ने वा नगर्ने सम्बन्धी निर्णय दरखास्त परेको मितिले तीस कार्यदिन भित्र गरी दरखास्तवालाई जानकारी दिनुपर्नेछ।

(६) इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ।

(७) इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **नवीकरण सम्बन्धी व्यवस्था**: (१) एक्रिडिटेशन प्रमाणपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अगावै सम्बन्धित प्रयोगशाला तथा संस्थाले बोर्ड समक्ष र इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगावै सम्बन्धित व्यक्तिले परिषद् समक्ष तोकिएको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएमा परिषद् वा बोर्डले आवश्यक जाँचबुझ गरी दरखास्त परेको तीस कार्यदिन भित्र नवीकरण गरिदिनुपर्नेछ तथा नवीकरण गर्न नमिल्ने भए सो को कारण दरखास्तवालालाई दिनुपर्नेछ।

(३) नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **प्रमाणपत्र तथा इजाजतपत्रको निलम्बन वा खारेजी**: (१) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम वा एक्रिडिटेशन तथा इजाजतपत्र प्रदान गर्दा तोकेको शर्तको उल्लङ्घन गरेमा त्यस्ता प्रमाणपत्र तथा इजाजतपत्र परिषद् वा बोर्डले कारण सहित खारेज गर्न वा बढीमा छ महिनासम्मकोलागि निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निलम्बन गर्न वा खारेज गर्नु अघि आफ्नो भनाई प्रस्तुत गर्न मुनासिव माफिकको मौका दिनु पर्नेछ।

(३) यस ऐन बमोजिम जारी भएको प्रमाणपत्र वा इजाजतपत्रको म्याद समाप्त भएको अवस्थामा स्वतः खारेज हुनेछ।

(४) यस दफा बमोजिम प्रमाणपत्र वा इजाजतपत्र बाहकको काम कारवाईबाट गम्भिर प्रकृतिको असर पर्न गएको अवस्थामा प्रमाणपत्र वा इजाजतपत्र खारेज गरी निजलाई कालो सूचीमा राखी सो सम्बन्धी सूचना राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्नेछ।

## परिच्छेद - ५

## कार्यकारी निर्देशक र कर्मचारी सम्बन्धी व्यवस्था

१६. **कार्यकारी निर्देशकको नियुक्ति तथा सेवाका शर्त सम्बन्धी व्यवस्था**: (१) स्नातकोत्तर तह उर्तीण र राष्ट्रिय गुणस्तर तर्जुमा वा गुण प्रमाणीकरण वा क्यालिब्रेशन वा प्रयोगशाला व्यवस्थापन विधामा

न्यूनतम दश वर्षको अनुभव प्राप्त व्यक्तिमध्येबाट परिषद्को सिफारिसमा नेपाल सरकारले कार्यकारी निर्देशकको नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्ले देहाय बमोजिमको खुल्ला प्रतियोगिताको आधारमा कार्यकारी निर्देशकको छनौट गरी नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ,–

(क) लिखित परीक्षा,

(ख) विजनेशप्लानको प्रस्तुती,

(ग) अर्न्तवार्ता ।

(३) उपदफा (१) बमोजिम परिषद् गठन भई कार्यकारी निर्देशक नियुक्त नभएसम्म नेपाल सरकारले उपदफा (१) बमोजिमकै योग्यता पुगेको निजामती कर्मचारीलाई कार्यकारी निर्देशक भई काम गर्न तोक्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवाका अन्य शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार**: कार्यकारी निर्देशकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) परिषद्को व्यवस्थापन र सामान्य प्रशासन सञ्चालन गर्ने,

(ख) परिषद्को कोषको रेखदेख, नियन्त्रण, चल अचल सम्पत्तिको व्यवस्थापन र स्याहार सम्भारको व्यवस्था गर्ने,

(ग) परिषद्को वार्षिक, अल्पकालीन तथा दीर्घकालीन योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिकोलागि परिषद्मा पेश गर्ने,

(घ) परिषद्को बार्षिक आय व्यय बजेट तर्जुमा गरी स्वीकृतिकोलागि परिषद्मा पेश गर्ने,

(ङ) परिषद्बाट स्वीकृत योजना, कार्यक्रम, बजेट कार्यान्वयन गर्ने, गराउने,

(च) विषयगत बोर्डहरूको तोकिएको मापदण्ड पूरा गराई समकक्षी विदेशी, अन्तराष्ट्रिय संस्थाहरूसँग सम्झौता गर्ने, गराउने,

(छ) परिषद् र विषयगत बोर्डहरूबिच सम्पर्क अधिकारीको रूपमा कार्य गर्ने,

(ज) परिषद्बाट निर्देशन दिए बमोजिम अन्य कार्य गर्ने,

(झ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

१८. **परिषद्को कर्मचारी सम्बन्धी व्यवस्था**: (१) परिषद्कोलागि आवश्यक कर्मचारी परिषद् आफैले करारमा नियुक्त गर्न सक्नेछ ।

(२) परिषद्ले कर्मचारी करारमा नियुक्त नगरेसम्म परिषद्ले सम्बन्धित निकायको स्वीकृति लिई अन्य सरकारी वा सार्वजनिक संस्थाको कर्मचारी काजमा ल्याई काममा लगाउन सक्नेछ ।

(३) परिषद्को कर्मचारीको नियुक्ति, पारिश्रमिक तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## कसूर, दण्ड जरिवाना तथा पुनरावेदन

१९. **कसूर**: देहायको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) दफा १२ बमोजिम एक्रिडिटेशन प्रमाणपत्र नलिई प्रतिकचिन्ह प्रयोग गरेमा ।

(ख) दफा १३ बमोजिम इजाजतपत्र नलिई मुख्य परीक्षक वा परीक्षकको काम गरेमा ।

२०. **उजुरी सम्बन्धी व्यवस्था**: कसैले दफा १२ बमोजिम एक्रिडिटेशन प्रमाणपत्र नलिई प्रतिकचिन्ह प्रयोग गरेको वा दफा १३ बमोजिम इजाजतपत्र नलिई मुख्य परीक्षक वा परीक्षकको काम गरेको सम्बन्धमा कसैको उजुरी परेमा वा जुनसुकै व्यहोराबाट जानकारी हुन आएमा परिषद् तथा विषयगत बोर्डले तत्काल छानवीन गर्नुपर्नेछ ।

२१. **सजाय**: (१) दफा १९ को,-

(क) खण्ड (क) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भए पचास हजार रूपैयाँ र दोस्रो पटक देखि दोब्बर ।

(ख) खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भए पच्चीस हजार रूपैयाँ र दोस्रो पटक देखि दोब्बर ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गर्ने अधिकार सम्बन्धित विषयगत बोर्ड तथा खण्ड (ख) बमोजिम सजाय गर्ने अधिकार परिषद्लाई हुनेछ ।

२२. **पुनरावेदन**: दफा २१ बमोजिमको सजायको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो सजायको निर्णय भएको मितिले पैतिस दिनभित्र बोर्डले गरेको निलम्बन, खारेजी वा सजायको हकमा परिषद्मा तथा परिषद्ले गरेको निलम्बन, खारेजी वा सजायको हकमा मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद - ७

## कोष, लेखा तथा लेखा परीक्षण

२३. **कोष**: (१) परिषद् तथा बोर्डको आफ्नो एक छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) अनुसारको कोषमा देहाय बमोजिमका रकम रहनेछन्,–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विभिन्न सेवा प्रदान गरेवापत प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति तथा संघ, संस्थाबाट ऋण, चन्दा, सहायता, अनुदान इत्यादिको रूपमा प्राप्त रकम ।

(घ) विदेशी व्यक्ति, संस्था, सरकार वा अन्तराष्ट्रिय संघ, संस्थाबाट ऋण, चन्दा, सहायता, अनुदान इत्यादिको रूपमा प्राप्त रकम ।

यस खण्ड बमोजिम रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) परिषद् तथा बोर्ड गठन भएको तीन वर्षसम्म नेपाल सरकारले परिषद् तथा बोर्डको लागि आवश्यक रकम उपलव्ध गराउनेछ ।

२४. **लेखा तथा लेखा परीक्षण**: परिषद् तथा बोर्डको आय व्ययको लेखा, लेखा परीक्षण तथा खाता संचालन तोकिए बमोजिम गरिनेछ ।

२५. **भत्ता तथा पारिश्रमिक**: (१) परिषद् तथा बोर्डको अध्यक्ष, सदस्य तथा सदस्य सचिवको बैठक भत्ता नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) मुख्य परीक्षक, परीक्षक, प्राविधिक बिशेषज्ञको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ८

## विविध

२६. **परिषद् र बोर्डका सदस्यहरूको पदावधी**: (१) नेपाल सरकारबाट नियुक्त, तोकिएका वा मनोनित परिषद् वा बोर्डको सदस्यको पदावधि तीन वर्षको हुनेछ निजहरू एक समयावधीका लागि पुनः मनोनित वा नियुक्त हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको निमित्त सो पदमा मनोनयन वा नियुक्तिद्वारा पूर्ति गरिनेछ।

(३) परिषद् वा बोर्डको सदस्यको पदावधि समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगावै सो स्थानको पूर्ति गर्नु पर्नेछ।

२७. **<u>परिषद् वा बोर्डको सदस्यता रिक्त हुने अवस्था:</u>** देहायको अवस्थामा परिषद् वा बोर्डको सदस्य पद रिक्त भएको मानिनेछ:-

(क) दफा २६ को उपदफा (१) बमोजिमको पदावधी समाप्त भएमा,

(ख) सदस्यको पदबाट राजीनामा दिएमा,

(ग) परिषद् वा बोर्डलाई उपयुक्त कारण सहितको लिखित सूचना नदिई लगातार तीन पटक सम्म परिषद् वा बोर्ड बैठकमा अनुपस्थित भएमा।

(घ) जुन संस्थाबाट प्रतिनिधित्व भएको हो त्यो संस्थाको सदस्य नरहेमा वा सो संस्था विघटन भएमा।

(ङ) परिषद् वा बोर्डको हित वा आचार संहिता विपरीत कार्य गरेको भनि परिषद् वा बोर्डको कुल सदस्य संख्याको दुई तिहाई सदस्यले हटाउने निर्णय गरेमा।

यस खण्ड बमोजिम कुनै सदस्यलाई सदस्यताबाट हटाउनुपूर्व आरोप लागेको सदस्यलाई आफ्नो सफाई पेश गर्ने मुनासिब माफिकको मौका दिनुपर्नेछ।

(च) मृत्यु भएमा।

२७. **<u>समिति गठन गर्न सक्ने:</u>** (१) एक्रिडिटेशनको कार्य छिटो, सजिलो र प्रभावकारीरूपमा सम्पादन गर्न परिषद् तथा बोर्डले आवश्यक समिति गठन गर्न सक्नेछ।

(२) समितिका संयोजक, सदस्य तथा विशेषज्ञले पाउने भत्ता तोकिए बमोजिम हुनेछ।

२८. **<u>अधिकार प्रत्यायोजन</u>**: (१) परिषद्ले आफूमा रहेको कुनै अधिकार समिति, अध्यक्ष, कार्यकारी निर्देशक तथा बोर्डलाई आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ।

(२) बोर्डले आफूमा रहेको कुनै अधिकार समिति, अध्यक्ष तथा सदस्य सचिवलाई आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ।

२९. **<u>आकष्मिक निरीक्षण गर्नसक्ने</u>**: परिषद् तथा बोर्डले प्रमाणपत्र प्राप्त व्यक्ति तथा संस्थाले काम सम्पन्न गरे नगरेको सम्बन्धमा आकष्मिक निरीक्षण गर्न गराउन सक्नेछ।

३०. **<u>नेपाल सरकारसँग सम्पर्क</u>**: परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३१. **<u>निर्देशिका जारी गर्न सक्ने</u>**: परिषद्ले आफ्नो तथा बोर्डको काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार निर्देशिका बनाई जारी गर्न सक्नेछ ।

३२. **<u>वार्षिक प्रतिवेदन</u>**: परिषद्ले आफूले वर्षभरि गरेको कामको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्ष असोज मसान्तसम्म मन्त्रालयमा पेश गरी सार्वजनिक गर्नुपर्नेछ ।

३३. **<u>निर्देशन दिन सक्ने</u>**: परिषद्ले बोर्डलाई र बोर्डले एक्रिडेट भएका व्यक्ति तथा संस्थालाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्ड, व्यक्ति तथा संस्थाको कर्तव्य हुनेछ ।

३४. **<u>नियम तथा विनियम बनाउने अधिकार</u>**: (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेका नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(३) यो ऐन र उपदफा (१) अनुसार बनेको नियमको अधिनमा रही परिषद्ले आवश्यक विनियम बनाई कार्यान्वयन गर्न, गराउन सक्नेछ ।

**नेपाल कानुन आयोगको मसौदा**

## झुठ्ठा अभिव्यक्ति नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** न्यायिक काम कारबाहीमा झुठ्ठा अभिव्यक्ति दिने कार्यलाई नियन्त्रण गरी न्याय सम्पादनको काम कारबाहीलाई निष्पक्ष, पारदर्शी र प्रभावकारी बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८१ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "झुठ्ठा अभिव्यक्ति नियन्त्रण ऐन, २०६६" रहेको छ ।

   (२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनमा प्रारम्भ हुनेछ ।

2. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

   (क) "अदालत" भन्नाले सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम मुद्दा हेर्ने अन्य निकाय वा अधिकारी समेतलाई जनाउँछ ।

   (ख) "कसूर" भन्नाले दफा ३ वा ४ बमोजिमको कार्य सम्झनु पर्छ ।

   (ग) "न्यायाधीश" भन्नाले अदालतको न्यायाधीश सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम मुद्दा हेर्ने अधिकार प्राप्त अन्य अधिकारी समेतलाई जनाउँछ ।

   (घ) "मुद्दा" भन्नाले अदालतमा दायर भएको मुद्दा सम्झनु पर्छ र सो शब्दले निवेदन समेतलाई जनाउँछ ।

3. **झुठ्ठा प्रमाण पेश गर्न वा झुठ्ठा वयान वा वकपत्र गर्न गराउन नहुनेः** (१) कसैले पनि जानीजानी वा गलत मनसायले कुनै मुद्दामा झुठ्ठा लिखत प्रमाण पेश गर्न, गराउन हुँदैन ।

   (२) कसैले पनि कुनै पुस्तक, लिखत, लेखरचना, रेकर्डिङ्ग वा तथ्याङ्कमा उल्लेख भएको तथ्य वा विवरण गलत वा झुठ्ठा भएको भन्ने जानकारी हुँदाहुँदै कुनै मुद्दामा प्रमाणको रूपमा पेश गर्न, गराउन हुँदैन ।

   (३) कसैले पनि जानीजानी वा गलत मनसायले कुनै मुद्दामा झुठ्ठा बयान वा बकपत्र गर्न, गराउन हुँदैन ।

4. **अर्काको नामबाट बयान वा बकपत्र गर्न वा म्याद बुझ्न नहुनेः** (१) कसैले पनि अन्य व्यक्तिको नामबाट बयान वा बकपत्र गर्न, गराउन हुँदैन ।

(२) कसैले **पनि** अन्य व्यक्तिको नाममा जारी भएको म्याद, सूचना, समाव्हान वा इतलायनामा त्यस्तो व्यक्ति म नै हूँ भनी बुझ्न हुँदैन ।

5. **सजायः** (१) देहायको कसूर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछः –

(क) दफा ३ बमोजिमको कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा एक लाख रूपैयाँसम्म जरिवाना वा दुवै ।

(ख) दफा ४ बमोजिमको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा पैतीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै ।

(२) कसैले कुनै नाबालिगलाई ललाइफकाई वा प्रलोभनमा पारी दफा ३ वा ४ बमोजिमको कसूर गर्न लगाएमा निजलाई उपदफा (१) बमोजिम हुने सजायमा पचास प्रतिशत थप सजाय हुनेछ ।

(३) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले दफा ३ वा ४ बमोजिमको कसूर गरेमा निजलाई उपदफा (१) बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

6. **सजाय नहुने**: दफा ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा यस ऐन बमोजिमको सजाय हुने छैनः–

(क) वयान, वकपत्र, विवरण वा प्रमाणबाट निर्णयमा तात्विक असर नपर्ने भएमा,

(ख) वयान, वकपत्र, विवरण वा प्रमाण झुठ्ठा भएको कुरा सो विषयमा निर्णय हुनु अगावै सम्बन्धित व्यक्तिले लिखित रूपमा स्वीकार गरेमा,

(ग) कुनै व्यक्तिले कानुनी प्रश्नमा आफ्नो राय, मन्तव्य वा व्याख्या प्रकट गरेकोमा,

(घ) कुनै घटना वा विषयवस्तुको तथ्यलाई यथार्थ रूपमा अभिव्यक्त गरेको तर त्यसको व्याख्यासम्म गलत गरेकोमा ।

७. **उजुरी दिन सक्नेः** (१) कसैले कुनै मुद्दाको सम्बन्धमा यस ऐन बमोजिमको कसूर गरेमा सम्बन्धित पक्षले देहायको अदालतमा उजुरी दिन सक्नेछः–

(क) मुद्दाको फैसला नहुँदै वा पुनरावेदनको म्याद बाँकी छँदै कसूर गरेको जानकारी भएमा शुरू मुद्दा हेर्ने अदालतमा,

(ख) पुनरावेदन परेपछि कसूर गरेको जानकारी हुन आएमा पुनरावेदन परेको अदालतमा,

(ग) पुनरावेदन परी वा नपरी फैसला अन्तिम रहेको अवस्थामा कसूर भएको जानकारी हुन आएमा अन्तिम फैसला गर्ने अदालतमा ।

८. **मुद्दाको कारबाही र किनारा**: (१) यस ऐन बमोजिम कसूर भएको सम्बन्धमा कसैले दफा ७ को खण्ड (क) बमोजिम उजुरी दिएमा वा मिसिलबाटै कसैले कसूर गरेको देखिन आएमा सम्बन्धित न्यायाधीशले सोही मुद्दाबाट छुट्टै पर्चा खडा गरी सो कसूर समेतको कारबाही र किनारा गर्नु पर्नेछ ।

तर मुद्दाको फैसला भएपछि उजुरी दिएमा र त्यस्तो फैसला उपर पुनरावेदन परेको भए अदालतले त्यस्तो उजुरी पुनरावेदन सुन्ने अदालतमा पठाउनु पर्नेछ ।

(२) यस ऐन बमोजिम कसूर भएको सम्बन्धमा कसैले दफा ७ को खण्ड (ख) बमोजिम उजुरी दिएमा वा त्यस्तो विषयमा मातहत अदालतबाट उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा वा मिसिलबाटै कसैले यस ऐन बमोजिमको कसूर गरेको देखिन आएमा पुनरावेदन सुन्ने अदालतले सोही मुद्दाबाट छुट्टै पर्चा खडा गरी सो कसूर समेतको कारबाही र किनारा गर्नु पर्नेछ ।

(३) यस ऐन बमोजिम कसूर भएको सम्बन्धमा कसैले दफा ७ को खण्ड (ग) बमोजिम उजुरी दिएमा सो कसूरसँग सम्बन्धित मुद्दामा अन्तिम फैसला गर्ने अदालतले सोही मुद्दाबाट छुट्टै पर्चा खडा गरी सो कसूर समेतको कारबाही र किनारा गर्नु पर्नेछ ।

(४) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (३) बमोजिम कारबाही र किनारा गर्दा मुद्दाको अन्तिम फैसलामा तात्विक असर पर्न जाने देखिएमा सो अदालतले अन्तिम फैसलालाई आंशिक वा पूर्ण रूपमा बदर गर्न सक्नेछ ।

९. **कारबाहीको लागि लेखी पठाउनु पर्ने**: पुनरावेदन सुन्ने अदालतले कुनै मुद्दाको कारबाही र किनारा गर्दा मातहतको अदालतको कुनै न्यायाधीशले त्यस्तो मुद्दाको सन्दर्भमा यस ऐन बमोजिमको कसूर गर्ने व्यक्तिलाई कारबाही नगरेको मिसिलबाट देखिएमा सो न्यायाधीशलाई कार्यक्षमताको अभाव वा पदीय दायित्व निर्वाह नगरेको आधारमा आवश्यक कारबाही गर्न सम्बन्धित निकाय वा अख्तियारवालाकहाँ लेखी पठाउनु पर्नेछ ।

१०. **पुनरावेदन नलाग्ने**: (१) यस ऐन बमोजिमको कसूरका सम्बन्धमा अदालतले गरेको फैसला उपर पुनरावेदन लाग्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुद्दा हेर्ने अन्य निकाय वा अधिकारीले गरेको निर्णय विरूद्ध सो निकायको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन लाग्नेछ ।

११. **कार्यविधि अपनाउने**: यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

१२. **हदम्याद**: कुनै मुद्दामा पुनरावेदन परी वा नपरी अदालतबाट फैसला भएको मितिले दुई वर्षभित्र थाहा पाएको मितिले पैंतीस दिनभित्र उजुरी गरिसक्नुपर्नेछ ।

१३. **नियम बनाउन सक्ने**: यो ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकारले सर्वोच्च अदालतको परामर्शमा आवश्यक नियम बनाउन सक्नेछ।

१४. **खारेजी:** मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १६९ नम्बर, १७० नम्बर र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २८ को उपदफा (२) खारेज गरिएका छन्।

नेपाल कानुन आयोगको

मसौदा

नेपाल गुणस्तर सम्बन्धी कानुनलाई एकीकरण तथा संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः नेपाल गुणस्तर सम्बन्धी प्रचलित कानुनलाई एकीकरण तथा संशोधन गरी समयानुकूल बनाउन वाञ्छनीय** भएकोले,

नेपालको अन्तरिम संविधानको धारा ८१ को उपधारा (१) बमोजिम संविधानसभाले यो ऐन वनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल गुणस्तर ऐन, २०६६" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "इजाजत पत्र" भन्नाले दफा ६ वमोजिमको इजाजत पत्र सम्झनु पर्दछ।

(ख) "उपभोक्ता" भन्नाले वस्तु, सेवा, प्रक्रिया, प्रणाली उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ग) "गुणस्तर" भन्नाले कुनै वस्तु, सेवा, प्रणाली वा प्रक्रियाको सम्बन्धमा परिषदले निर्धारण गरेको वा मान्यता दिएको गुणस्तर सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन वमोजिम वनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ।

(ङ) "निरीक्षक" भन्नाले दफा १९ वमोजिम नियुक्त भएको वा तोकिएको निरीक्षक सम्झनु पर्छ।

(च) "परिषद" भन्नाले दफा ३ बमोजिमको नेपाल गुणस्तर परिषद् सम्झनु पर्छ।

(छ) "प्रक्रिया" भन्नाले वस्तु वा सेवाको उत्पादन वा निर्माण देखि उपभोग हुँदासम्मका प्रक्रिया सम्झनु पर्छ।

(ज) "प्रणाली भन्नाले व्यवस्थापकीय प्रणाली सम्झनु पर्छ।

(झ) "प्रमाण चिन्ह" भन्नाले गुणस्तरको प्रमाण चिन्ह सम्झनु पर्छ।

(ञ) "प्रमाणपत्र" भन्नाले दफा ८ वमोजिमको प्रमाणपत्र सम्झनु पर्छ।

(ट) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

(ठ) "मुख्य गुणपरीक्षक/गुणपरीक्षक" भन्नाले दफा १६ वमोजिम नियुक्त भएको वा तोकिएको "मुख्य गुणपरीक्षक वा गुणपरीक्षक सम्झनु पर्छ।

(ड)	"वस्तु" भन्नाले प्राकृतिक, अर्धप्राकृतिक, कृत्रिम, निर्मित, अर्धप्रशोधित वा प्रशोधित पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदार्थमा जडित कच्चा पदार्थ, रंग, सुगन्ध र रसायन समेतलाई जनाउँछ।

(ढ)	"विभाग" भन्नाले नेपाल गुणस्तर तथा नापतौल विभाग सम्झनु पर्छ।

(ण)	"सदस्य" भन्नाले परिषदको सदस्य सम्झनु पर्छ र सो शब्दले परिषदको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ।

(त)	"सेवा" भन्नाले कुनै कामको निमित्त कुनै पनि किसिमको सेवा शुल्क वा प्रतिफल लिई प्रदान गरिएको श्रम सुविधा वा परामर्श सम्झनु पर्छ।

## <u>परिच्छेद २</u>

## <u>नेपाल गुणस्तर परिषद्को गठन सम्बन्धी व्यवस्था</u>

३.	**<u>नेपाल गुणस्तर परिषद्को गठन</u>**: (१) कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको गुणस्तर निर्धारण तथा वस्तुमा प्रमाण चिन्हको प्रयोग सम्बन्धी व्यवस्था गर्न एक नेपाल गुणस्तर परिषदको गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय वमोजिमका सदस्यहरू रहने छन्:-

| | | |
|---|---|---|
| (क) | उद्योग मन्त्री । राज्यमन्त्री | –अध्यक्ष |
| (ख) | सचिव, उद्योग मन्त्रालय | –सदस्य |
| (ग) | प्रतिनिधि, (रा.प. प्रथम श्रेणी) अर्थ मन्त्रालय | –सदस्य |
| (घ) | प्रतिनिधि, (रा.प. प्रथम श्रेणी) वाणिज्य तथा आपूर्ति मन्त्रालय | –सदस्य |
| (ङ) | प्रतिनिधि, (रा.प. प्रथम श्रेणी) कानुन तथा न्याय मन्त्रालय | –सदस्य |
| (च) | प्रतिनिधि, (रा.प. प्रथम श्रेणी) भौतिक, योजना तथा निर्माण मन्त्रालय | –सदस्य |
| (छ) | प्रतिनिधि, (रा.प. प्रथम श्रेणी) कृषि तथा सहकारी मन्त्रालय | –सदस्य |
| (ज) | प्रतिनिधि, (रा.प. प्रथम श्रेणी) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | –सदस्य |
| (झ) | गुणस्तर क्षेत्रमा कम्तिमा सात बर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरू मध्येबाट परिषदद्वारा मनोनित कम्तिमा एक जना महिला सहित दुई जना | –सदस्य |
| (ञ) | राष्ट्रियस्तरका उपभोक्ता हक हित संरक्षण संस्थामध्येबाट परिषदद्वारा मनोनित कम्तिमा एक जना महिला सहित | |

दुई जना –सदस्य

(ट) नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ तथा नेपाल घरेलु तथा साना उद्योग महासंघहरू मध्येबाट दुई दुई वर्षको पालैपालो हुने गरी परिषदले संघहरूको प्रतिनिधि दुइ जना –सदस्य

(ठ) महानिर्देशक, विभाग –सदस्य–सचिव

(३) उपदफा (२) को खण्ड (झ) र (ञ) वमोजिमका सदस्यहरूको पदावधि दुई बर्षको हुनेछ । निजहरू पुनः मनोनित हुन सक्नेछन् ।

(४) परिषदले आवश्यक देखेमा सम्वन्धित क्षेत्रमा काम गर्ने कुनै विशेषज्ञलाई बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **<u>परिषदको काम, कर्तव्य र अधिकार</u>**: यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछः-

(क) राष्ट्रिय गुणस्तर निर्धारण गर्ने र निर्धारित गुणस्तरलाई समयानुकूल रूपमा परिमार्जन गर्ने,

(ख) स्वदेशी वा विदेशी संस्थाद्धारा निर्धारित गुणस्तरलाई मान्यता दिने,

(ग) ईजाजतपत्र, प्रमाणपत्र तथा प्रमाण चिन्हको आकार, प्रकार र ढाँचा तोक्ने,

(घ) ईजाजतपत्र ⁄प्रमाणपत्रको दस्तुर निर्धारण गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

५. **<u>परिषदको वैठक सम्वन्धी कार्यविधि</u>**: (१) परिषदको बैठक अध्यक्षले तोकेको मिति,समय र स्थानमा वस्नेछ ।

(२) परिषदको बैठक बस्नु कम्तिमा सातदिन अगावै सदस्य सचिवले बैठकको कार्यसूची सहितको विवरण सदस्यहरूलाई उपलव्ध गराउनु पर्नेछ ।

(३) परिषदको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषदको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषदको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले वैठकको अध्यक्षता गर्नेछ ।

(५) बहुमतको रायलाई परिषद्को निर्णय मानिनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) परिषद्को निर्णय परिषदको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) परिषद्को वैठक सम्वन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

## परिच्छेद-३

## प्रमाण चिन्ह तथा गुणस्तर प्रमाणीकरण सम्बन्धी व्यवस्था

६. **प्रमाण(चिन्ह प्रयोग गर्न सक्ने** (१) कुनै वस्तु वा प्रक्रियामा प्रमाण चिन्ह प्रयोग गर्नको लागि इजाजतपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाण चिन्ह प्रयोग गर्न चाहनेले तोकिए बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त परेमा विभागले आवश्यक जाँचबुझ गरी तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर लिई ईजाजतपत्र दिनु पर्नेछ ।

(४) इजाजतपत्रको अवधि, नवीकरण र नवीकरण दस्तुर तथा इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **प्रचार प्रसार गर्न स्वीकृति लिनुपर्नेः** (१) कसैले पनि विभागको स्वीकृति नलिई कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणाली गुणस्तर युक्त छ भनी प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) वमोजिम स्वीकृति लिन चाहनेले तोकिए बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृतिको लागि दरखास्त परेमा विभागले आवश्यक जाँचबुझ गरी स्वीकृति दिन मनासिब देखेमा तोकिए बमोजिमको दस्तुर लिई स्वीकृति दिनु पर्नेछ ।

(४) यस दफा बमोजिमको स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **कुनै निश्चित परिमाणको वस्तुको गुणस्तर प्रमाणीकरणः** (१) कुनै निश्चित परिमाणको वस्तुको गुणस्तर प्रमाणीकरण गराउन चाहनेले तोकिए बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा विभागले आवश्यक जाँचबुझ गरी वस्तु गुणस्तरयुक्त देखिएमा सोको प्रमाणीकरण गरी तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर लिई प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रमाणीकरण र प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **प्रमाण चिन्हको अनुचित प्रयोगमा प्रतिवन्ध** : (१) इजाजतपत्र प्राप्त नगरी कसैले कुनै बस्तुको सम्बन्धमा प्रमाण चिन्हको प्रयोग गर्नु हुंदैन ।

(२) कसैले पनि प्रमाण चिन्हको आकार प्रकारको भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्नु हुंदैन ।

(३) इजाजतपत्र प्राप्त व्यक्तिले पनि निर्धारित गुणस्तर अनुकूल नरहेका बस्तुमा प्रमाणचिन्हको प्रयोग वा प्रमाणचिन्हको आकार प्रकारको भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्नु हुंदैन ।

## परिच्छेद –४

## गुणस्तरको निरीक्षण, परीक्षण तथा अनुगमन

१०. **जनस्वास्थ्य र जन सुरक्षा सम्वन्धी पदार्थको गुणस्तर**: (१) नेपाल सरकारले परिषदको परामर्शमा जनस्वास्थ्य र जनसुरक्षालाई ध्यानमा राखी कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको गुणस्तर निर्धारण गर्न सक्नेछ। त्यस्तो गुणस्तर निर्धारणको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तर निर्धारण गरिएका वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको उत्पादक, निर्माता वा सेवा प्रदान गर्ने संस्था वा व्यक्तिले त्यस्तो वस्तु, सेवा प्रक्रिया वा प्रणालीमा निर्धारित गुणस्तर अवलम्बन गर्नु पर्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि औषधी तथा खाद्यान्न सम्बन्धी प्रचलित कानुन बमोजिम गुणस्तर निर्धारण हुने औषधि तथा खाद्य पदार्थको हकमा सोही कानुन बमोजिम हुनेछ।

(४) उपदफा (१) वमोजिम गुणस्तर निर्धारण गरिएका वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको उत्पादक वा निर्माता वा सेवा प्रदान गर्ने व्यक्तिले यस ऐन वमोजिमको इजाजतपत्र वा गुणस्तर प्रमाणपत्र लिनु पर्नेछ।

११. **निकासी पैठारी हुने पदार्थको गुणस्तर**: (१) परिषदको परामर्शमा नेपाल सरकारले नेपालमा पैठारी हुने वस्तुको गुणस्तर निर्धारण गर्न सक्नेछ । त्यस्तो गुणस्तर निर्धारणको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) अन्तर्राष्ट्रिय निकासी व्यापार प्रवर्धनकोलागि परिषदको परामर्शमा नेपाल सरकारले नेपालबाट निकासी हुने वस्तुको गुणस्तर निर्धारण गर्न सक्नेछ । त्यस्तो गुणस्तर निर्धारणको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि औषधी वा खाद्य पदार्थ सम्बन्धी प्रचलित कानुन वमोजिम गुणस्तर निर्धारण हुने औषधि र खाद्य पदार्थको हकमा सोही कानुन बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम गुणस्तर निर्धारण गरिएका वस्तु निकासी पैठारी गर्दा निर्धारित गुणस्तर अबलम्बन गर्नु पर्नेछ।

१२. भेदभाव नगरिने: (१) नेपालमा उत्पादित र नेपालमा पैठारी गरिएका एकै प्रकृतिका वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको गुणस्तर निर्धारण सम्बन्धमा कुनै भेदभाव गरिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सुरक्षाको आवश्यकता, धोखापूर्ण व्यवहारको रोकथाम, जनस्वास्थ्य वा जनसुरक्षाको लागि वा वातावरण संरक्षणको लागि तोकिए वमोजिमको विषयहरूमा आवश्यक व्यवस्था गर्न सक्नेछ।

१३. **गुणस्तर संहिता बनाउन सक्ने:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषदले निर्धारण गरेको गुणस्तरहरूको तयारी, ग्रहण तथा प्रयोग सम्बन्धी गुणस्तर संहिता लागू गर्न सक्नेछ ।

१४. **रोक्का गर्न सक्ने:** (१) नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त वस्तुको नमुना तोकिएको प्रयोगशालामा परीक्षण हुँदा सम्वन्धित गुणस्तर अनुरूप नभएमा विभागले उत्पादित वा निर्मित वस्तुको विक्री वितरण रोक्न आदेश जारी गर्न सक्नेछ ।

(२) सेवा वा प्रक्रिया वा प्रणाली अनुगमन गर्दा अनिवार्य गरिएको गुणस्तर अनुरूप नपाइएमा विभागले त्यस्ता सेवा, प्रक्रिया वा प्रणालीमा रोक लगाउन सक्नेछ ।

१५. **फिर्ता लिनुपर्ने:** (१) यस ऐन बमोजिम परीक्षण हुँदा जनस्वास्थ्य र जनसुरक्षामा प्रतिकूल असर पर्ने तथा गुणस्तरयुक्त नभएका वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको विक्री वितरण भएमा उत्पादक वा निर्माताले त्यस्तो वस्तु खरिदकर्ताबाट फिर्ता लिनु पर्नेछ ।

(२) यस ऐन बमोजिम इजाजतपत्र वा प्रमाणपत्र प्राप्त गरेको बस्तुको प्रयोग गर्दा ती बस्तुको गुणस्तर न्यून भएको कारणले उपभोक्तालाई कुनै क्षति भएमा तोकिएबमोजिमको क्षतिपूर्ति समितिले उपभोक्तालाई हुन गएको क्षतिको आधारमा उत्पादक वा निर्माताबाट क्षतिपूर्ति भराउने आदेश दिन सक्नेछ ।

१६. **गुणस्तर अनुसन्धान तथा प्रयोगशाला:** (१) विभागले औषधी वाहेक अन्य वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको गुणस्तर सम्बन्धी अनुसन्धान, परीक्षण र विश्लेषण गर्नको लागि विभागले प्रयोगशाला तथा अनुसन्धानशालाको स्थापना र संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम स्थापना भएको प्रयोगशाला वा अनुसन्धानशालाले वस्तु वा सेवाको अनुसन्धान, परीक्षण र विश्लेषण अपनाउने कार्यविधि तोकिए वमोजिम हुनेछ ।

१७. **गुणस्तरको निरीक्षण, परीक्षण तथा अनुगमन:** (१) दफा ६ बमोजिमको प्रमाण चिन्हको प्रयोग दफा ७ र ८ बमोजिमको स्वीकृति वा प्रमाणीकरण तथा गुणस्तरसम्मको निरीक्षण, परीक्षण तथा अनुगमन सम्बन्धी काम नेपाल गुणस्तर तथा नापतौल विभागले गर्नेछ ।

(२) उदफा (१) बमोजिमको निरीक्षण, परीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **विभागको अन्य काम कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त विभागको अन्य काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) परिषदबाट निर्धारित प्रमाण-चिन्ह प्रयोग गर्न तोकिए बमोजिम इजाजतपत्र वा प्रमाणपत्र दिने,

(ख) कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीका लागि दिइएको ईजाजतपत्र वा प्रमाणपत्र निलम्वन वा रद्दगर्ने,

(ग) कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीका लागि दिइएको ईजाजतपत्र वा प्रमाणपत्रको प्रयोग सम्वन्धमा निरीक्षण तथा गुणपरीक्षण गर्ने गराउने र आवश्यक प्राविधिक सल्लाह तथा निर्देशन दिने,

(घ) कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको प्रमाणीकरण गर्ने ।

(ङ) इजाजतपत्र नवीकरण गर्ने,

(च) गुणस्तरहरूको संकलन तथा सूचना प्रवाह गर्ने,

(छ) गुणस्तर सम्वन्धी प्राविधिक सेवाहरूको मापदण्ड तर्जुमा गरी लागू गर्ने,

(ज) औषधि वा खाद्य पदार्थ सम्बन्धी प्रचलित कानुन अन्तर्गत निर्धारित औषधि र खाद्य पदार्थको गुणस्तर बाहेक अन्य तोकिए बमोजिमका वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको गुणस्तर अनुगमन गर्ने,

(झ) वस्तु, सेवा, प्रक्रिया वा प्रणाली सम्वन्धी अनुसन्धान गर्ने,

(ञ) स्वदेशी वा विदेशी सस्थां, विभाग वा व्यक्तिसगं गुणस्तर प्रमाणीकरण सम्वन्धी कार्य गर्नका लागि संम्झौता गर्ने,

(ट) विदेशमा उत्पादन हुने वस्तु, सेवा, प्रक्रिया वा प्रणालीलाई प्रमाणीकरण र तोकिए बमोजिम नेपाल गुणस्तर प्रमाण चिन्ह प्रदान गर्ने,

(ठ) मुख्य गुणपरीक्षकको लागि तोकिए बमोजिम निर्धारित पाठ्यक्रम अनुसारको तालिम संचालन गर्ने,

(ड) परिषदको प्रशासकीय काम कारवाही गर्ने,

(ढ) तोकिए वमोजिमका अन्य कामहरू गर्ने ।

१९. **निरीक्षक, मुख्यगुणपरीक्षक तथा गुणपरीक्षक**: (१) कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको गुणस्तर सम्वन्धी नियमन गर्न गराउन विभागले आवश्यक संख्यामा निरीक्षक नियुक्त गर्न वा तोक्न सक्नेछ । निरीक्षकहरूको योग्यता तोकिए बमोजिम हुनेछ ।

(२) व्यवस्थापन प्रणाली प्रमाणीकरण गर्ने सिलसिलामा व्यवस्थापन प्रणालीको गुण परीक्षण गर्नको लागि तोकिए बमोजीमको योग्यता पुगेका व्यक्तिलाई विभागले आवश्यक संख्यामा मुख्य गुणपरीक्षक तथा गुणपरीक्षकहरू नियुक्त गर्ने वा तोक्न सक्नेछ ।

२०. **निरीक्षक, मुख्यगुणपरिक्षक तथा गुणपरिक्षक को काम, कर्तव्य र अधिकार**: (१) यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) प्रमाण(चिन्ह प्रयोग भएको कुनै वस्तु, सेवा वा प्रक्रियाको सम्वन्धमा इजाजत पत्र प्राप्त गरेको वा नगरेको र सो इजाजत पत्रको शर्त अनुकूल काम गरे वा नगरेको जांच बुझ गर्ने:

(ख) गुणस्तरको प्रमाण(पत्र प्रयोग भएको वस्तु, सेवा वा प्रक्रियाको सम्वन्धमा सो प्रमाण(पत्रको शर्त अनुकूल काम गरे वा नगरेको जाँचवुझ गर्ने ।

(ग) प्रमाण चिन्ह वा गुणस्तरको प्रमाण पत्र प्रयोग हुने पदार्थको उत्पादन वा त्यस पदार्थ सम्वन्धी कुनै प्रक्रियाको निरीक्षण गर्ने

(घ) बस्तु सेवा वा प्रक्रिया र त्यस पदार्थ, बस्तु, सेवा वा प्रक्रिया सम्बन्धी कोरा वा तयारी माल इत्यादि जुनसुकै अवस्थामा निरीक्षण वा परीक्षणको लागि नमुना लिने ।

(ङ) वस्तु, सेवा वा प्रक्रियाको उत्पादन, विक्री वितरण गर्ने वा सेवा प्रदान गरेको ठाउँमा प्रवेश गरी खानतलासी लिने ।

(च) वस्तु, सेवा वा प्रक्रियाको उत्पादन, विक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने वा वयान लिने ।

(छ) वस्तु, सेवा वा प्रक्रियाको अनुसन्धान र तहकिकातको सिलसिलामा आवश्यकता अनुसार निर्देशन दिने ।

(ज) निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजीम हुनेछ ।

(२) मुख्य गुणपरीक्षक तथा गुणपरीक्षकहरूको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) व्यवस्थापन प्रणाली प्रमाणीकरणका लागि दरखास्त दिएका निवेदकहरूको व्यवस्थापन प्रणालीको गुणप रिक्षण गर्ने योजना तयार गर्ने ।

(ख) खण्ड (क) बमोजीम तयार गरिएको योजना अनुसार सम्बन्धित निवेदकको व्यवस्थापन प्रणालीको गुणपरीक्षण गरी तोकिएको ढांचामा परीक्षण प्रतिवेदन विभागमा पेश गर्ने

(ग) गुण परीक्षकले मुख्य गुणपरीक्षको निर्देशन अनुसार गुणपरीक्षण सम्बन्धी कार्य गर्ने,

(घ) मुख्य गुणपरीक्षकले आवश्यकता अनुसार सम्बन्धित बिशेषज्ञहरूलाई गुणपरीक्षण कार्यमा सहभागि गराउन सक्नेछ ।

## परिच्छेद –५

## कसूर र सजाय सम्बन्धी व्यवस्था

२१. **कसूर, सजाय र पुनरावेदनः** (१) देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) दफा १० को उपदफा (२) र (३) को विपरीत हुने कार्य गरेमा,

(ख) दफा ११ को उपदफा (४) को विपरीत हुने कार्य गरेमा वा गर्ने प्रयत्न गरेमा वा गर्न दुरूत्साहन दिएमा,

(ग) दफा ९ को विपरीत हुने कार्य गरेमा,

(घ) दफा ३१ को विपरीत कार्य गरेमा,

(ङ) खण्ड (क), (ख), (ग) र (घ) बाहेक यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरू विपरीतका अन्य काम गरेमा।

(२) देहायको कसूर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई एकलाख रूपैयाँसम्म जरिवाना वा एक बर्षसम्म कैद वा दुवै सजाय,

(ख) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको कसूर गर्नेलाई पचास हजार रूपैया सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय,

(ग) उपदफा (१) को खण्ड (घ) बमोजिमको कसूर गर्नेलाई पच्चिस हजार रूपैयासम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय,

(घ) उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई बीस हजार रूपैयाँसम्म जरिवाना।

२२.. **जफत हुनेः** यस ऐन विपरीत प्रमाणपत्र वा प्रमाण चिन्ह प्रयोग गरिएका वा निकासी पैठारी गरिएका वस्तुहरू, यस ऐन बमोजिम निर्धारित गुणस्तर नभएका वस्तुहरू वा स्वीकृति नलिई गुणस्तरयुक्त भनी प्रचार प्रसार गरिएका वस्तुहरू जफत हुने छन्।

२३. सरकारवादी हुनेः यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ।

२४. मुद्दाको तहकिकात र दायरीः (१) यस ऐन वमोजिम सजाय हुने कसूर सम्वन्धी मुद्दाको तहकिकात निरीक्षकले गर्नेछ।

(२) मुद्दाको तहकिकात गर्दा निरीक्षकले देहायको अधिकार प्रयोग गर्न सक्नेछः-

(क) कसूरमा संलग्न व्यक्तिलाई पकाउ गर्ने, कसूरसँग सम्बन्धित जुनसुकै स्थानको खानतलासी लिने, कसूरसँग सम्बन्धित कागजात वा अन्य माल वस्तु आफ्नो जिम्मामा लिने तथा सर्जमिन मुचुल्का तयार गर्ने।

(ख) अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा मुद्दा हेर्ने अधिकारीको पूर्व स्वीकृति लिई बढीमा पन्ध्र दिनसम्म थुनामा राख्ने ।

(३) उपदफा (२) बमोजिमको कुनै काम कारबाही गर्दा निरीक्षकले आवश्यकता अनुसार स्थानीय प्रशासन र प्रहरी कर्मचारीको सहयोग माग गर्न सक्नेछ । यस्तो सहयोग माग भएमा स्थानीय प्रशासन र प्रहरी कर्मचारीले आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

(४) निरीक्षकले उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्दा प्रचलित कानुन बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(५) यस दफा बमोजिम तहकिकातको काम पूरा भएपछि निरीक्षकले सम्बन्धित सरकारी वकिलको राय लिई अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ र यसरी दायर गरिएको मुद्दाको बहस पैरवी र पुनरावेदन सम्बन्धित सरकारी वकिलबाट हुनेछ ।

२५. **प्रचलित कानुन वमोजिम मुद्दा चलाउन सकिने**: यस ऐन वमोजिम कसूर ठहरिने काम, कारवाही अन्य प्रचलित कानुन वमोजिम पनि मुद्दा चलाउन यस ऐनले वाधा पुऱ्याएको मानिने छैन ।

२६. **संक्षिप्त कार्यविधि अपनाउने**: यस ऐन अन्तर्गतको मुद्दामा संक्षिप्त कार्यविधि ऐन, २०२८ को कार्यविधि अपनाइने छ ।

२७. **मुद्दा हेर्ने अधिकारी**: यस ऐन बमोजिमको मुद्दा हेर्ने अधिकार तोकिए बमोजिमको अदालत वा अधिकारीलाई हुनेछ ।

२८. **पुनरावेदन**: (१) दफा २७ बमोजिमको अधिकारीले गरेको निर्णय उपर सम्वन्धित पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुनरावेदन अदालतमा वाणिज्य इजलाश कायम भएको अवस्थामा यस ऐन बमोजिमको पुनरावेदन वाणिज्य इजलाशबाट सुनुवाई गरिनेछ ।

परिच्छेद –६

विविध

२९. ऐनको वर्हिक्षेत्रीय प्रयोग: यस ऐन वा यस ऐन वमोजिमको नियम वमोजिम परिषद तथा विभागले गर्ने काम कर्तव्य र अधिकार र नियमन सम्वन्धी व्यवस्था नेपाल वाहिर समेत परिषद र विभागले प्रयोग र नियमन गर्न सक्नेछ ।

३०. सोधपुछ विन्दु: विभागले अन्तर्राष्ट्रिय गुणस्तर सम्वन्धी संझौताहरूको जानकारी केन्द्र वा सोधपुछ विन्दुको रूपमा काम गर्नेछ ।

३१. परिषद वा विभागको नाम प्रयोग गर्न नहुने: कुनै पनि व्यक्तिले परिषद, विभाग वा प्रयोगशालाको पुरै वा संक्षिप्त नामको भ्रम हुन सक्ने नामको प्रयोग गर्न हुदैन ।

३२. **अधिकार प्रत्यायोजन**: परिषदले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार परिषदको कुनै समिति, उप समिति, विभाग वा विभागको कुनै अधिकृतलाई सुम्पन सक्नेछ ।

३३. **बैठक भत्ता तथा पारिश्रमिक**: (१) परिषदका सदस्य तथा वैठकमा आमन्त्रित सदस्यले तोकिए वमोजिमको वैठक भत्ता पाउनेछन ।

(२) मुख्य गुणपरीक्षक, गुणपरीक्षक र अन्य विशेषज्ञहरूले गुणपरीक्षण गरेवापत तोकिए बमोजीमको पारिश्रमिक तथा अन्य सुविधा पाउनेछन् ।

३४. **निर्देशन दिने**: (१) नेपाल सरकारले आवश्यकता अनुसार परिषद वा विभागलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु गराउनु परिषद तथा विभागको कर्तव्य हुनेछ ।

३५. **वार्षिक प्रतिवेदन प्रकाशित गर्ने**: (१) परिषदले प्रत्यक वर्ष आफूले सम्पादन गरेको कामको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा मुख्यतः परिषदले निर्धारण गरेको गुणस्तर र मान्यता र मापदण्ड लगायत तत्सम्बन्धी कृयाकलापको उल्लेख गर्नु पर्नेछ ।

३६. **नियम वनाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

३७. **खारेजी र वचाउ**: (१) नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ खारेज गरिएको छ ।

(२) नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ बमेजिम भए गरेका काम कारवाहीहरू यसै ऐन वमोजिम भए गरेको मानिनेछन् ।

## अनुसूची-२

## नेपाल कानुन आयोगका पदाधिकारीको आचार संहिता

सुशासन ऐन, २०६४ को दफा २३ को प्रयोजनकोलागि नेपाल कानुन आयोगले देहाय बमोजिमको आचार संहिता बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस आचार संहिताको नाम **"नेपाल कानुन आयोगका पदाधिकारीको आचार संहिता, २०६५"** रहेको छ ।

(२) यो आचार संहिता तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,–

(क) "आयोग" भन्नाले नेपाल कानुन आयोग ऐन, २०६३ बमोजिम गठन भएको नेपाल कानुन आयोग सम्झनु पर्छ ।

(ख) "पदाधिकारी" भन्नाले नेपाल कानुन आयोगको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य सम्झनु पर्छ र सो शब्दले सदस्य सचिव समेतलाई जनाउँछ ।

३. **पदिय वा पेशागत आचरण पालना गर्नु पर्ने**: पदाधिकारीले यस आचार संहितामा उल्लेख भए बमोजिमको पदीय वा पेशागत आचार संहिताको पालना गर्नु पर्नेछ ।

४. **पदको मर्यादा र अनुशासनमा रहनु पर्ने**: पदाधिकारीले आफ्नो पद र ओहोदा अनुसारको मर्यादा कायम राखी अनुशासनमा बस्नु पर्नेछ ।

५. **समयको पालना**: पदाधिकारीले नेपाल सरकारले तोकेको कार्यालय समयको पालना गरी तोकिएको जिम्मेवारी पूरा गर्नु पर्नेछ ।

६. **दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न नहुने**: पदाधिकारी आफैंले वा आफ्नो परिवारको कुनै सदस्य मार्फत आयोगको कामसँग सम्बन्धित व्यक्तिहरूसँग दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिसन वा गैरकानुनी रूपमा रकम प्राप्त गर्न हुँदैन ।

७. **कार्य सम्पादनको सिलसिलामा राजनैतिक वा अवाञ्छनीय प्रभाव वा सम्पर्क कायम गर्न नहुने**: पदाधिकारीले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न हुँदैन र ओहदाको मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवाञ्छित सम्पर्क राख्न हुँदैन ।

८. **राजनीतिमा भाग लिन नहुने**: पदाधिकारीले राजनीतिमा भाग लिन वा कुनै राजनैतिक दल वा सङ्गठनको सदस्यता प्राप्त गर्न वा राजनीतिक पदको लागि हुने निर्वाचनमा उम्मेदवार हुन वा त्यस्तो

निर्वाचनमा कुनै उम्मेदवार, राजनैतिक दल वा सङ्गठनकोतर्फबाट प्रचार प्रसार गर्न वा वक्तव्य दिन वा मत माग्न हुँदैन ।

तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पुऱ्याएको मानिने छैन ।

९. **समाचार प्रकाश गर्नमा प्रतिबन्धः** पदाधिकारीले आयोगको पूर्वस्वीकृति नलिई आफूले पदमा रही कर्तव्य पालन गर्दा प्राप्त भएको जानकारी वा कुनै गोप्य वा कानुनद्वारा निषेधित विषय वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रेस वा अरू कसैलाई दिनु वा बताउनु हुँदैन । यो प्रतिबन्ध आयोगको पदाधिकारीबाट अवकाश प्राप्त पूर्व पदाधिकारीको हकमा समेत लागू रहनेछ ।

१०. **लेख, वक्तव्य वा भाषण प्रकाशन वा प्रशारण गर्न नहुनेः** पदाधिकारीले काल्पनिक वा वास्तविक नामबाट नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादामा खलल पर्ने, अदालतको निर्णयको अपहेलना हुने तथा प्रचलित कानुन तथा नेपाल सरकारको नीति विपरीत वा नेपाल सरकार र जनता बिचको सम्बन्धमा खलल पर्ने गरी कुनै पनि सञ्चार माध्यमबाट लेख, वक्तव्य वा भाषण प्रकाशन वा प्रशारण गर्न हुँदैन ।

तर व्यवसायसँग सम्बद्ध विषयमा प्राज्ञिक वा अनुसन्धानात्मक प्रकृतिको लेख रचना लेख्न प्रकाशन गर्न कुनै वाधा पुऱ्याएको मानिने छैन ।

११. **साम्प्रदायिक दुर्भावना फैलने कार्य गर्न नहुने** पदाधिकारीले नेपालको विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरू बीच वैमनस्यता उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने कुनै काम गर्न हुँदैन ।

१२. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यावसाय गर्न नहुनेः** पदाधिकारीले नेपाल सरकारको पूर्व स्वीकृति नलिई देहायको काम गर्नु हुँदैनः-

(क) कुनै कम्पनीको सञ्चालक हुन,

(ख) प्रचलित कानुनबमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न ।

१३. **आयोगको अहित हुने कार्य गर्न नहुनेः** पदाधिकारीले आयोगलाई अहित हुने गरी कुनै कार्य गर्नु हुँदैन ।

१४. **आयोगलाई हानिनोक्सानी पार्न नहुनेः** पदाधिकारीले जानाजान, हेलचक्रयाँई वा लापरवाही गरी आयोगलाई हानिनोक्सानी पुऱ्याउनु हुँदैन ।

१५. **संस्थाको सदस्यताः** पदाधिकारीले प्रचलित कानुन र आयोगको नीतिको विपरीत हुने गरी आफ्नो पेशागत, व्यावसायिक र सामाजिक संस्था बाहेक अन्य कुनै पनि संस्थाको सदस्य बन्न हुँदैन ।

१६. **सम्पत्तिको विवरण पेश गर्नुपर्ने**: पदाधिकारीले आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल तथा अचल सम्पत्तिको विवरण प्रचलित कानुन बमोजिम तोकिएको ढाँचामा तोकिएको निकायमा पेश गर्नु पर्नेछ।

१७. **नेपाल सरकारबाट स्वीकृत नीति बमोजिम कार्य सम्पादन गर्ने**: पदाधिकारीले नेपाल सरकारबाट स्वीकृत नीतिको आसय र भावनालाई गंभिरतापूर्वक मनन गर्दै राज्य सञ्चालनमा उठेका हाँकलाई सामना गर्न सक्षम हुने गरी आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ।

१८ **व्यावसायिकता र विशेषज्ञता** पदाधिकारीले खुला समाज, खुला राजनीति र उदार अर्थनीति बमोजिम नागरिकको सोंच, व्यवहारलाई आत्मसात गर्दै आधुनिक राज्यको अवधारणा बमोजिम व्यावसायिक र विशेषज्ञको रूपमा आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ।

१९. **स्वच्छ, तर्कसँगत र सद्विवेक**: पदाधिकारीले स्वच्छ, तर्कसँगत र सद्विवेक र न्यायोचित आधारमा आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ।

२०. **सरोकारवालाको अवधारणा मनन् गर्ने**: पदाधिकारीले कार्य सम्पादन गर्दा कुनै व्यक्ति विशेषको स्वार्थमा सिमित नभई सबै सरोकारवाला नागरिक, वर्गीय वा व्यवसायिक संघ संस्थाबाट प्राप्त सुझाव, मन्तव्य र धारणालाई गंभिरताको साथ अध्ययन मनन तथा विश्लेषण गरी आम जनताको हित र कल्याण गर्ने उद्देश्यबाट अभिप्रेरित हनु पर्नेछ।

२१. **कानुन तर्जुमा गर्दा अनावश्यक दबाब र प्रभावमा परेर सम्पादन गर्न नहुने**: पदाधिकारीले अनुचित दबाब र प्रभावबाट मुक्त रही निष्पक्ष र निर्वैयक्तिकताको आधारमा राज्य र आम नागरिकको स्वार्थलाई ध्यान दिई आफ्नो कार्य सम्पादन गर्नु पर्छ।

२२. **कमी, कमजोरी, गल्ती र त्रुटीलाई सच्याउदै लैजाने आदत र संस्कारको अवलम्बन**: पदाधिकारीले आफ्नो कार्य सम्पादनको सिलसिलामा देखिएका आफ्ना कमी, कमजोरी, गल्ती र त्रुटीलाई सच्याउदै जाने आदत र संस्कारको अवलम्बन गर्नु पर्छ।

२३. **पूर्वसजगता**: पदाधिकारीले आफ्नो कार्य सम्पादन गर्दा देहायको विषयमा पूर्वसजगता अपनाई गंभीर र सावधानीपूर्वक आफ्नो ज्ञान, सीप र विवेकको प्रयोग गर्नु पर्नेछ।

(क) **संवैधानिक सर्वोच्चता**: पदाधिकारीले देशको मूल कानुन संवैधानिक सर्वोच्चतालाई स्वीकार गरी आफ्नो कार्य सम्पादन गर्नु पर्छ।

(ख) **कानुनको शासन**: पदाधिकारीले कानुनभन्दा माथि कोही हुँदैन, कानुनको अगाडि सबै समान हुन्छन् र कानुन बमोजिम मात्र शासन सञ्चालन गर्नु पर्छ भन्ने कानुनको शासनको मूल अभिप्रायलाई हृदयगंगम गरेर आफ्नो कार्य सम्पादन गर्नु पर्छ।

(ग) **अन्तर्राष्ट्रिय कानुन, महासन्धि तथा राज्यले व्यक्त गरेको प्रतिवद्धता**: पदाधिकारील अन्तर्राष्ट्रिय कानुन, अन्तर्राष्ट्रिय महासन्धिका प्रावधान र राज्यले त्यस विषयमा व्यक्त गरेको प्रतिवद्धतालाई मनन गरेर आफ्नो कार्य सम्पादन गर्नु पर्छ।

(घ) **समस्याको पहिचान र तार्किक निष्कर्ष**: पदाधिकारीले आफ्नो कार्य सम्पादनको क्रममा समस्याको जडको पहिचान गरी वृहत छलफल र विचारको आदान प्रदानको माध्यमबाट तार्किक निष्कर्षमा पुगी समस्याको समाधान तर्फ अग्रसर हुनु पर्छ।

(ङ) **कानुन र न्यायका सामान्य सिद्धान्त**: पदाधिकारीले आफ्नो कार्य सम्पादनको क्रममा कानुन र न्यायका सामान्य सिद्धान्तलाई चिन्तन र मनन् गर्नु पर्छ।

## अनुसूची-३

२०६५/२०६६ मा आयोगले वेवसाइटमा राखेका ऐनको सूची (नेपाली र अंग्रेजी)

### नेपाली

| क्र.स. | ऐन र संशोधन गर्ने ऐन | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| १. | नेपालको अन्तरिम संविधान, २०६३ | २०६३।१०।१ |
| २. | अभिलेख संरक्षण ऐन, २०४६ | २०४६।७। ११ |
| ३. | कम्पनी ऐन, २०६३ | २०६३।७।२४ |
| ४. | केही सार्वजनिक लिखत प्रमाणिकरण (कार्यविधि) ऐन, २०६३ | २०६३।६।५ |
| ५. | खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ | २०६३।८।२८ |
| ६. | खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ | २०६३।८।८ |
| ७. | गरिबी निवारण कोष ऐन, २०६३ | २०६३ ।७।२३ |
| ८. | गैह्र सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ | २०१६।१ । १० |
| ९. | निजामती सेवा ऐन, २०४९ | २०५० ।२। ४ |
| १०. | अध्यागमन ऐन, २०४९ | २०४९।७।१७ |
| ११. | नेपाल नागरिक उड्डयन प्रधिकरण ऐन, २०५३ | २०५३ ।८। ५ |
| १२. | नेपाल नागरिकता ऐन,२०६३ | २०६३।८।१० |
| १३. | नेपाल पर्यटन बोर्ड ऐन,२०५३ | २०५३।१०।२३ |
| १४. | नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ | २०६४।५।३१ |
| १५. | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ | २०६४।५।३१ |
| १६. | नेपाल सँगीत तथा नाट्य प्रतिष्ठान ऐन, २०६४ | २०६४।५।३१ |
| १७. | नोटरी पव्लिक सम्बन्धी ऐन, २०६३ | २०६३।६।२८ |
| १८. | पर्यटन ऐन, २०३५ | २०३५ ।७। ८ |
| १९. | पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ | २०४४।४।२९ |
| २०. | प्रतिलिपि अधिकार ऐन, २०५९ | २०५९।४। ३० |
| २१. | प्राचीन स्मारक संरक्षण ऐन, २०१३ | २०१३।७ । २७ |
| २२. | बैङ्क तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ | २०६३।७।१९ |
| २३. | बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ | २०६४।१०।२३ |
| २४. | लुम्बिनी विकास कोष ऐन, २०४२ | २०४२।५। १३ |
| २५. | विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ | २०६३।८।२२ |

| | | |
|---|---|---|
| २६. | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ | २०६३।८।१७ |
| २७. | सञ्चार संस्थान ऐन, २०२८ | २०२८।१२।३० |
| २८. | सम्पति शुद्धिकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ | २०६४।१०।१४ |
| २९. | सार्वजनिक खरिद ऐन, २०६३ | २०६३।९।३० |
| ३०. | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,२०६४ | २०६४।१०।२३ |
| ३१. | सूचनाको हक सम्बन्धी ऐन,२०६४ | २०६४ ।४। ५ |
| ३२. | सैनिक ऐन,२०६३ | २०६३।३। १५ |
| ३३. | राष्ट्रिय महिला आयोग ऐन, २०६३ | २०६३।९। ३० |
| ३४. | जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ | २०६३।८।८ |
| ३५. | सुरक्षित कारोवार ऐन, २०६३ | २०६३।७।३० |
| ३६. | पूर्वाधार संरचनाको निमार्ण तथा संचालनमा निजी लगानी सम्बन्धी ऐन,२०६३ | २०६३।८।२८ |
| ३७. | विरूवा संरक्षण ऐन,२०६४ | २०६४।५।२७ |
| ३८. | धितोपत्र सम्बन्धी ऐन, २०६३ | २०६३।९।३० |
| ३९. | प्रतिस्पर्धा प्रर्वद्धन तथा बजार संरक्षण ऐन, २०६३ | २०६३।९।३० |
| ४०. | नेपाल कानुन आयोग ऐन, २०६३ | २०६३।९।३० |
| ४१. | वैदेशिक रोजगार ऐन, २०६४ | २०६४।५।१९ |
| ४२. | नेपाल ट्रष्ट ऐन, २०६४ | २०६४।९।२२ |
| ४३. | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ | २०६४।१०।२३ |
| ४४. | संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ | २०६४।३।८ |
| ४५. | मानव वेचविखन तथा ओसार पसार नियन्त्रण ऐन,२०६४ | २०६४।४।८ |
| ४६. | विभूषण ऐन, २०६४ | २०६४।४।३२ |
| ४७. | संविधानसभा अदालत ऐन,२०६४ | २०६४।५।२ |
| ४८. | व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ | २०६४।५।७ |
| ४९. | गैर आवासीय नेपाली सम्बन्धी ऐन,२०६४ | २०६४।५।१० |
| ५०. | भन्सार ऐन,२०६४ | २०६४।५।१४ |
| ५१. | निर्वाचन आयोग ऐन, २०६३ | २०६३।१२।१२ |
| ५२. | निर्वाचन (कसूर र सजाय )ऐन, २०६३ | २०६३।१२।१२ |
| ५३. | शिक्षा ऐन ,२०२८ | २०२८।५।२४ |
| ५४. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ | २०४५।७।२८ |

| | | |
|---|---|---|
| ५५. | खेलकूद विकास ऐन, २०४८ | २०४९।१।१७ |
| ५६. | उच्च माध्यमिक शिक्षा ऐन, २०४६ | २०४६।७।११ |
| ५७. | छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ | २०२१।५।१३ |
| ५८. | नेपाल वायुसेवा निगम ऐन, २०१९ | २०१९।१२।३० |
| ५९. | दामासाही सम्बन्धी ऐन, २०६३ | २०६३।८।४ |
| ६०. | बालबालिका सम्बन्धी ऐन, २०४८ | २०४९।२।७ |
| ६१. | बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ | २०५७।३।७ |
| ६२. | नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ | २०४३।८।२५।४ |
| ६३. | त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ | २०४९।९।२२ |
| ६४. | मतदाता नामावली सम्बन्धी ऐन, २०६३ | २०६३।९।१४ |
| ६५. | वी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ | २०४९।१०।५ |
| ६६. | बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ | २०५५।३।२९ |
| ६७. | विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० | २०५०।८।७ |
| ६८. | छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ | २०४८।२।१६ |
| ६९. | पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० | २०५०।९।१९ |
| ७०. | लुम्बिनी विश्व विद्यालय ऐन, २०६३ | २०६३।७।२० |
| ७१. | काठमाडौं विश्वविद्यालय ऐन, २०४८ | २०४८।८।४ |
| ७२. | पोखरा विश्वविद्यालय ऐन, २०५३ | २०५३।११।१५ |
| ७३. | स्थानीय स्वायत्त शासन ऐन, २०५५ | **२०५६।१।१६** |
| ७४. | मालसामानको वहुविधिक ढुवानी ऐन, २०६३ | २०६३।७।१९ |
| ७५. | राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ | २०६३।८।८ |
| ७६. | लेखापरीक्षण ऐन, २०४८ | २०४८।७।११ |
| ७७. | वोनस ऐन,२०३० | २०३०।१२।११ |
| ७८. | वातावरण संरक्षण ऐन, २०५३ | २०५३।१०।१७ |
| ७९. | नेपाल मानव अधिकार ऐन, २०५३ | २०५३।९।२४ |
| ८०. | वन ऐन,२०४९ | २०४९।१०।५ |
| ८१. | श्रम ऐन,२०४८ | २०४९।२।२ |
| ८२. | लोक सेवा आयोग कार्यविधि ऐन,२०४८ | २०४८।७।१४ |
| ८३. | नेपाल राष्ट्र बैक ऐन, २०५८ | २०५८।१०।१७ |

| | | |
|---|---|---|
| ८४. | निजीकरण ऐन, २०५० | २०५०।९।१९ |
| ८५. | विशेष अदालत ऐन २०५९ | २०५९।३।५ |
| ८६. | सर्वोच्च अदालत ऐन,२०४८ | २०४८।७।२८ |
| ८७. | ट्रेड युनियन ऐन, २०४९ | २०४९।८।११ |
| ८८. | स्वास्थ्य सेवा ऐन, २०५३ | २०५३।११।१५ |
| ८९. | अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ | २०४८।८।४ |
| ९०. | आर्थिक कार्यविधि ऐन,२०५५ | २०५५।१२।८ |
| ९१. | औद्योगिक व्यवसाय ऐन, २०४९ | २०४९।७।२७ |
| ९२. | करार ऐन,२०५६ | २०५७।३।१४ |
| ९३. | दूर संचार ऐन,२०५३ | २०५३।९।१७ |
| ९४. | पेटेण्ट डिजायन एण्ड ट्रेडमार्क ऐन, २०२२ | २०२२।५।१४ |
| ९५. | विद्युत ऐन, २०४९ | २०४९।९।२ |
| ९६. | भ्रष्ट्राचार निवारण ऐन,२०५९ | २०५९।३।५ |
| ९७. | लागु औषध (नियन्त्रण) ऐन, २०३३ | २०३३।६।१० |
| ९८. | नेपाल सन्धि ऐन, २०४७ | २०४७।९।८ |
| ९९. | मध्यस्थता ऐन, २०५५ | २०५६।१।२ |
| १००. | वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन,२०५५ | २०५५।१२।१७ |
| १०१. | जलस्रोत ऐन,२०४९ | २०४९।९।१७ |
| १०२. | विदेशी लगानी तथा विधि हस्तान्तरण ऐन, २०४९ | २०४९।७।२७ |
| १०३. | निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ | २०१३।१०।२२ |
| १०४. | जग्गा प्राप्ति ऐन, २०३४ | २०३४।५।२२ |
| १०५. | उपभोक्ता संरक्षण ऐन,२०५४ | २०५४।१०।१५ |
| १०६. | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ | २०१४।११।१३ |
| १०७. | न्याय प्रशासन ऐन,२०४८ | २०४८।२।१६ |
| १०८. | न्याय परिषद ऐन, २०४७ | २०४७।१२।२७ |
| १०९. | प्रमाण ऐन,२०३१ | २०३१।७।५ |
| ११०. | न्याय सेवा आयोग ऐन,२०४८ | २०४८।७।२८ |
| १११. | विकास समिति ऐन,२०१३ | २०१३।४।८ |

| | | |
|---|---|---|
| ११२. | सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ | २०४९।९।८ |
| ११३. | कोर्ट फी ऐन,२०१७ | २०१७।९।२८ |
| ११४. | संस्था दर्ता ऐन, २०३४ | २०३४/५/२७ |
| ११५. | नेपाल कानुन व्यवसायी परिषद् ऐन,२०५० | २०५०।८।७ |
| ११६. | साझेदारी ऐन, २०२० | २०२०/११/१६ |
| ११७. | अन्तर्राष्ट्रिय वित्तिय कारोवार ऐन,२०५४ | २०५४।१०।१५ |
| ११८. | वैक तथा वित्तीय संस्थाको ऋण असुल ऐन,२०५८ | २०५८।१०।१७ |
| ११९. | नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४ | २०१४।७।४ |
| १२०. | विनिमेय अधिकार पत्र ऐन, २०३४ | २०३४।९।१८ |
| १२१. | अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेशनको सदस्यता प्राप्त गर्ने ऐन, २०२२ | २०२२।५।७ |
| १२२. | विमा ऐन,२०४९ | २०४९।९।२ |
| १२३. | विदेशी विनिमय नियमित गर्ने ऐन,२०४९ | २०४९।३।१५ |

अंग्रेजी :

| S.N. | Act |
|---|---|
| 1. | The interim constitution of Nepal, 2063 (2007) |
| 2. | Audit Act, 2048 (1991) |
| 3. | Customs Act, 2064(2007) |
| 4. | The patent, Design and Trade Mark Act, 2022 (1965) |
| 5. | Nepal Tourism act, 2053 (1996) |
| 6. | Electoral Rolls Act, 2063 (2006) |
| 7. | Banking Offence and Punishment Act, 2064 (2008) |
| 8. | Nepal citizenship act, 2063 (2006) |
| 9. | The copyright act, 2059 (2002) |
| 10. | Arbitration Act, 2055 (1999) |
| 11. | Treaty act, 2047 (1991) |
| 12. | Companies act, 2063(2006) |
| 13. | Private Financing in Build and Operation of Infrastructures, 2063 (2006) |
| 14. | Nepal Civil Aviation Authority Act, 2053 (1996). |
| 15. | Contract Act 2056 (2000) |
| 16. | Environment Protection Act, 2053 (1997 A.D.) |
| 17. | Immigration act, 2049(1992) |
| 18. | PRIVATIZATION ACT, 2050 (1994) |
| 19. | securities act, 2063(2006) |
| 20. | Nepal Rastra bank act, 2058 (2001) |
| 21. | Banks and Financial Institutions Act, 2063(2006). |
| 22 | Competition Promotion and Market Protection Act, 2063 (2007) |
| 23 | Insolvency Act, 2063 (2006) |
| 24 | Secured Transactions Act, 2063 (2006)." |
| 25 | Child Labor (Prohibition and Regulation) Act, 2056 (2000) |
| 26 | Childern act, 2048 (1992) |
| 27 | Telecommunication Act, 2053 (1997) |
| 28 | Electricity Act, 2049 (1992) |

| | |
|---|---|
| 29 | Recovery of debts of banks and financial institutions Act, 2058 (2002) |
| 30 | International Financial Transaction Act, 2054 (1998) |
| 31 | Water Resources Act, 2049 (1992) |
| 32 | Procurement Act, 2049 (1992) |
| 33 | Insurance Act, 2049 (1992) |
| 34 | Foreign Employment Act, 2064 (2007) |
| 35 | Land Acquisition Act, 2034 (1977) |
| 36 | The Industrial Enterprises Act, 2049 (1992) |
| 37 | The Foreign Investment And Technology Transfer Act, 2049 (1992) |
| 38 | Local Self-governance Act, 2055 (1999) |
| 39 | Human Rights Commission Act, 2053 (1997) |
| 40 | Right to Information Act, 2064 (2007 ) |
| 41 | The Export and Import (control ) Act, 2013 (1957) |
| 42 | Multimodel Transportation of Goods Act, 2063(2006). |

## अनुसूची-४

आयोगको पदाधिकारीहरुको नामावली

| क्र.स | नाम | पद |
|---|---|---|
| १. | श्री बाबुराजा जोशी | – अध्यक्ष |
| २. | श्री हरिप्रसाद न्यौपाने | – उपाध्यक्ष |
| ३. | श्री माधव पौडेल,<br>सचिव, कानुन तथा न्याय मन्त्रालय | – सदस्य |
| ४. | श्री त्रिलोचन उप्रेती,<br>सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | – सदस्य |
| ५. | श्री सूर्य प्रसाद कोइराला<br>नायव महान्यायाधीवक्ता, महान्यायाधिवक्ताको कार्यालय | – सदस्य |
| ६. | श्री लिला उदासी खनाल<br>नेपाल सरकारबाट मनोनित | – सदस्य |
| ७. | श्री देवनारायण यादव<br>नेपाल सरकारबाट मनोनित | – सदस्य |
| ८. | श्री शान्तिकुमारी राई<br>नेपाल सरकारबाट मनोनित | – सदस्य |
| ९. | श्री मोहन प्रसाद बन्जाडे,<br>सचिव, नेपाल कानुन आयोग | – सदस्य-सचिव |

## अनुसूची- ५

### आयोगमा कार्यरत कर्मचारीहरूको नामवली

1. श्री मोहन प्रसाद बन्जाडे – सचिव
2. डा.श्री रवि शर्मा अर्याल – सह–सचिव ♣
3. श्री साधुराम सापकोटा – सह–सचिव♥
4. श्री उदयराज सापकोटा – उप-सचिव
5. श्री रामशरण ढकाल – उप–सचिव
6. श्री दीपक प्रसाई – शाखा अधिकृत ✡
7. श्री टंकबहादुर महत – शाखा अधिकृत
8. श्री माहिलाकाजी रायमाझी – लेखाअधिकृत
9. श्रीमती अम्बिका बेलबासे – कम्प्युटर अधिकृत
10. श्रीमती मन्दिरा नापित (गुरुङ) – कम्प्युटर अपरेटर
11. श्री भरतप्रसाद सापकोटा – नायब सुब्बा
12. श्री कुमारप्रसाद घिमिरे – नायब सुब्बा
13. श्री नेत्रप्रसाद घिमिरे – नायब सुब्बा
14. श्री कृष्ण गोविन्द महर्जन – हलुका सवारी चालक
15. श्री खिलप्रसाद दाहाल – हलुका सवारी चालक
16. श्री बहादुर महर्जन – हलुका सवारी चालक
17. श्री राजगोपाल महर्जन – हलुका सवारी चालक (करार)
18. श्री राम त्वाना – हलुका सवारी चालक (करार)
19. श्री नरेन्द्र खड्का – कार्यालय सहयोगी
20. श्री शम्भु थापा मगर – कार्यालय सहयोगी
21. श्री मिठे राना – कार्यालय सहयोगी
22. श्री रामबहादुर राना मगर – कार्यालय सहयोगी
23. श्रीमती सविता राना – कार्यालय सहयोगी (करार)
24. सुश्री दिलशोभा पोडे – स्विपर

---

♣ मिति २०६५।१२।१२ देखि संविधानसभामा काज

♥ मिति २०६६।२।१० देखि वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयमा काज सरूवा भएको ।

✡ सरकारी कामको सिलसिलामा मिति २०६६।१।१५मा गंगापूर्ण हिमालको आधार शिवीर मनाङ्गमा निधन भएको

# अनुसूची-७

# वार्षिक कार्यक्रम

## आ.व. ०६६ /६७

| क्र.सं. | कामको विवरण | उद्देश्य | स्रोतका माध्यम | कार्य प्रारम्भ | कार्य सम्पन्न | आर्थिक स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | धरौट जमानत तथा हिरासत सम्बन्धी ऐनको विधेयक मसौदा तयार गर्ने | धरौट जमानत र हिरासत सम्बन्धी कानुन व्यवस्थालाई समयानुकुल संशोधन र एकीकरण गरी कानुनी व्यवस्था गर्ने | नेपाल सरकार | | २०६७ माघ मसान्त | | |
| २ | नागरिक अधिकार ऐनको विधेयक मसौदा तयार गरी नेपाल सरकार समक्ष बुझाउने | नागरिकहरूको अधिकार सम्बन्धी कानुनी सुनिस्चता प्रदान गरी सो सम्बन्धी कानुनी व्यवस्थालाई समयानुकूल संशोधन र एकीकरण गरी सुनिश्चित गर्ने । | नेपाल सरकार | | २०६७ असार मसान्त | | |
| ३ | सपुर्दगी ऐनको मसौदा तयार गरी नेपाल सरकार समक्ष बुझाउने | सपुदर्गी सम्बन्धी कानुनी व्यवस्थालाई प्रभावकारी बनाउने । | नेपाल सरकार | | २०६७ आषाढ मसान्तसम्म | | |
| ४ | पारस्परिक कानुनी सहायता ऐनको मसौदा तयार गरी नेपाल सरकार समक्ष बुझाउने | नेपाल पक्ष भएका सन्धि सम्झौतालाई कार्यान्वयन गर्ने सिलसिलामा पारस्परिक रूपमा कानुनी सहायता उपलब्ध गराउन उपयुक्त कानुनी व्यवस्था गर्ने | नेपाल सरकार | | २०६७ आषाढ मसान्तसम्म | | |
| ५. | नेपाल कानुन व्याख्या ऐन को मस्यौदा तयार गर्ने । | कानुन व्याख्या सम्बन्धी कानुनमा समयानुकूल कानुनी व्यवस्था र संशोधन गर्न | नेपाल सरकार | | २०६७ आषाढ मसान्तसम्म | | |
| ६. | मुलुकी ऐन संशोधन मसौदा तयार गर्ने सम्बन्धमा | मुलुकी ऐनमा समयानुकुल संशोधन गरी समयानुकुल परिमार्जन गर्ने । | नेपाल सरकार | काम भइरहेको | २०६७ आषाढ मसान्तसम्म | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | जुवा ऐन संशोधन मसौदा तयार पार्ने । | जुवा ऐनलाई संशोधन र एकीकरण गर्न वाञ्छिनिय भएकाले । | नेपाल सरकार | काम भईरहेको | २०६७ आषाढ मसान्तसम्म | | |
| ८. | पुराना एवं परिर्माजन गर्नु पर्ने कानुनहरूका सम्बन्धमा अध्ययन एवं अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने | प्रचलित कानुनमा सुधार र परिमार्जन गरीसमसामयिक बनाउने । | " " " | " " | २०६७ आषाढ मसान्तसम्म | " " | |
| ९. | प्रचलित दण्ड नीतिका सम्बन्धमा अध्ययन एवं अनुसन्धान गरी प्रतिवेदन गर्ने | कानुनी राज्यको सिद्धान्तलाई आत्मसात गरी कानुनको कार्यान्वयनलाई प्रभावकारी बनाउने । | " " " | " " | २०६७ आषाढ मसान्तसम्म | | |
| १०. | नेपाल कानुनलाई अंग्रेजी र नेपाली भाषामा वेवसाइटमा राख्ने । | नेपाल कानुनमा सर्वसाधारण समेतको सहज र एकिकृत पहुच सिर्जना गर्ने । | " " " | ,, | निरन्तर | | |
| ११. | संविधान बमोजिम बनाउनु पर्ने कानुनहरूमध्ये आयोगले तोकेबमोजिमको कानुनको मसौदा तयार गर्ने | संविधान बमोजिम बनाउन बाँकी रहेका ऐन निर्माण गर्ने | " " " | | निरन्तर | | |
| १२. | सर्वोच्च अदालतले जारी गरेको निर्देशनात्मक आदेश बमोजिम बनाउनु पर्ने कानुनहरूमध्ये आयोगले तोके बमोजिमको कानुनको मसौदा तयार गर्ने | " " " | " " " | " " | निरन्तर | " " | |
| १३. | नेपाल सरकारले समय समयमा तोकेका अन्य कार्य गर्ने | सरकारलाई सहयोग पुऱ्याउने | " " " | " " | | " " | |
| १४. | आयोगको निर्णयानुसार अन्य काम गर्ने | | | | | | |